


# वार्षिक प्रगति विवरण

## आर्थिक वर्ष
## २०७८/७९

कर्णाली प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत

श्रावण, २०७९

# वार्षिक प्रगति विवरण

## आर्थिक वर्ष २०७८/७९

कर्णाली प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत

फोन नं. ०८३-५२१७०५, ५२३६७२

इमेलः mosdsurkhet@gmail.com

Web site:mosd.karnali.gov.np

कर्णाली प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत



## सन्देश

सामाजिक विकास मन्त्रालयको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रगति विवरण तयार पारी सार्वजनिक गर्न पाउँदा हामिलाइ खुशि लागेको छ । आर्थिक वर्ष २०७८/७९ मा यस मन्त्रालय र अन्तर्गतका विभिन्न कार्यालयहरूले सञ्चालन गरेका कार्यक्रमहरूको प्रगति अवस्थालाई समावेश गरी यो प्रगति विवरण पुस्तिका तयार पारिएको छ ।यस प्रतिवेदनमा मन्त्रालयको सोच र उदेश्य सहितको कार्य क्षेत्रको अवस्था, जनशक्ति तथा लक्षित जनसङ्ख्याको अवस्था, प्रमुख सामाजिक सूचकहरूको अवस्था विनियोजित बजेट र खर्चको अवस्था, सम्पादन भएका प्रमुख कार्य र उपलब्धीको अवस्थालाई समेटिएको छ । आ.व. २०७८/७९ को मन्त्रालयको बजेट तथा कार्यक्रम कार्यान्वयनबाट महत्त्वपूर्ण उपलब्धीहरू हासिल भएका छन्।

कर्णाली प्रदेश सरकारको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम, बजेट लागु गर्न साथै कोभिड-१९ नियन्त्रण तथा प्रतिकार्यको सन्दर्भमा महत्वपूर्ण मार्गदर्शन, सहयोग, समन्वय तथा सहकार्यको लागि माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, माननीय मन्त्रीज्यूहरू, कर्णाली प्रदेश योजना आयोगका माननीय पदाधिकारिज्यूहरू, प्रमुख सचिवज्यू, सचिवज्यूहरू र कर्णाली प्रदेशका सवै स्थानीय तहहरू र विकास साझेदार संस्थाहरू प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु । साथै बजेट तथा कार्यक्रम कार्यान्वयनमा प्रत्यक्ष तथा परोक्ष रूपमा संलग्न भै महत्वपूर्ण सघाउ पुर्याउने सामाजिक विकास मन्त्रालय र अन्तर्गतका निर्देशकहरू, महाशाखा प्रमुखहरू, कार्यालय प्रमुखहरू, विकास साझेदारहरू लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्तमा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न तथा यस प्रतिवेदन तयार पार्नमा संलग्न सामाजिक विकास मन्त्रालयका सचिव, योजना तथा प्रशासन महाशाखा प्रमुख तथा सम्पूर्ण कर्मचारीहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

मा. यज्ञ बहादुर बुढा क्षेत्री
मन्त्री
सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश

कर्णाली प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत



# सन्देश

आर्थिक वर्ष २०७८/७९ मा सामाजिक विकास मन्त्रालय वा अन्तर्गतका कार्यालयहरूबाट सम्पादन गरिएका कार्यक्रम तथा क्रियाकलापहरूको प्रगति समेटेर यो विवरण पुस्तिका प्रकाशन गर्न पाउँदा खुशी लागेको छ ।

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको वार्षिक बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट कर्णालीबासी नागरिकहरूको शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता सामाजिक आर्थिक रूपान्तरणका क्षेत्रमा अपेक्षित सुधार ल्याउन यस मन्त्रालय प्रतिबद्ध छ । यो प्रगति पुस्तिकाले सामाजिक विकासको क्षेत्रमा प्राप्त उपलब्धी र कमी कमजोरीहरूको पहिचान गरी सामाजिक क्षेत्रका सेवा र कार्यसम्पादनबाट भविष्यमा नतिजामुखी कार्ययोजना निर्माण गरी उद्देश्य बमोजिम कार्यान्वयन गर्न संगठनात्मक प्रभावकारिता हासिल हुनेछ भन्ने विश्वास लागेको छ ।

आर्थिक वर्ष २०७८/७९ मा सामाजिक विकास क्षेत्रको बजेट तथा कार्यक्रमको कार्यान्वयनमा अहम भूमिका निर्वाह गर्ने यस मन्त्रालयका विषयगत महाशाखाहरू, स्वास्थ्य सेवा निर्देशनालय, शिक्षा विकास निर्देशनालय, प्रदेश अस्पताल, मानव संशाधन विकास केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश खेलकुद विकास परिषद् जिल्ला स्थित जन/स्वास्थ्य कार्यालयहरू, सामाजिक विकास कार्यालयहरू, मेहेलकुना अस्पताल, आयुर्वेद औषधालय तथा स्वास्थ्य केन्द्रहरू, प्रदेश संग्रहालय र प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद् प्रदेश कार्यालय र अन्तर्गतका कार्यालयहरूप्रति धन्यवाद प्रकट गर्न चाहन्छु । साथै मन्त्रालय वा मातहतमा विभिन्न तवरले सहयोग, समन्वय तथा सहकार्य गर्ने नेपाल सरकारका मन्त्रालय, केन्द्रीय निकाय, स्थानीय तह, विकास साझेदार संघसंस्थाहरू र अन्य सबै सहयात्रीप्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

अन्तमा, कर्णाली प्रदेशको सामाजिक-आर्थिक उन्नयन गर्ने दिशामा नीतिनिर्माता, निर्णयकर्ता, मूल्याङ्कनकर्ता, शोधकर्ता तथा संघसंस्था र विद्यार्थीहरूको लागि समेत प्रस्तुत प्रगति विवरण उपयोगी बन्न सकोस भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु । यो पुस्तिका तयार पार्ने कार्यमा प्रेरणा प्रदान गर्नुहुने माननीय सामाजिक विकास मन्त्रीज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसैगरी प्रकाशन कार्यमा अहोरात्र खटिनु हुने प्रशासन तथा योजना महाशाखा प्रमुख श्री विनोद आचार्य, तथ्याङ्क/योजना अधिकृत श्री अधिकृत लक्ष्मण कडेल र अन्य सहयोगी कर्मचारीहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । आगामी आर्थिक वर्षको कार्यक्रम कार्यान्वयन गर्दा समग्र विषय क्षेत्रमा हासिल भएका उपलब्धीहरूलाई समेत दृष्टिगत गरी कार्यान्वयन गर्ने, गराउने प्रतिबद्धता ब्यक्त गर्दछु ।

कृष्ण प्रसाद काप्री
सचिव
सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश

विषय-सूची

पृष्ठभूमि.....................................................................................................१
परिचय........................................................................................................ २
मन्त्रालयको दीर्घकालीन सोच ............................................................................ २
मन्त्रालयको दीर्घकालीन सोच हासिल गर्ने ध्येय.......................................................... २
दिर्घकालिन उद्देश्यहरू......................................................................................... २
मन्त्रालयको कार्यक्षेत्र .........................................................................................३
मन्त्रालयका महाशाखाहरू ......................................................................................३
मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू........................................................................ ४
जनशक्ति अवस्था ............................................................................................... ७
लक्षित जनसङ्ख्या ..............................................................................................१३
प्रमुख सेवा प्रदायकहरूको अवस्था.............................................................................१५
प्रमुख सूचकहरूको अवस्था......................................................................................१७
रोजगारीको अवस्था..............................................................................................१९
विनयोजित बजेट र खर्चको अवस्था ...........................................................................१९
(क) चालु, पूँजीगत बजेट र खर्च.............................................................................१९
(ख) खर्च शिर्षक अनुसार बजेट र खर्च .....................................................................२४
(ग) कार्य क्षेत्रगत बजेट र खर्च...............................................................................२६
(घ) कार्यालयगत बजेट र खर्च.................................................................................२७
कोभिड १९ नियन्त्रण तथा प्रतिकार्य : मुख्य कृयाकलाप, बजेट र खर्च........................................ ३१
(क) कोभिड १९ व्यवस्थापनको सन्दर्भमा सम्पादन भएका मुख्य कामहरू.................................. ३१
(ख) कोभिड १९ नियन्त्रण प्रतिकार्यको लागि सामाजिक विकास मन्त्रालय मातगहतमा उपलब्ध गराइएको बजेट र खर्च विवरण.....................................................................................३२
(ग) २०७९ असार मसान्त सम्मको कोभिड-१९ को अध्यावधिक अवस्था.....................................३५
आ.व. २०७८/७९ मा सम्ममा सम्पादन भएका मुख्य कार्यहरू तथा प्रमूख उपलब्धीहरू ........................३९
बजेट कार्यान्वयनमा देखिएका समस्या........................................................................ ४१
बेरूजु र बेरूजु फछ्यौंट अवस्था .............................................................................. ४२
सिकाई ..........................................................................................................४४
अवसर तथा सम्भावना...........................................................................................४४
भावी कार्ययोजना.................................................................................................४४
केही झलकहरू ...................................................................................................५०
मन्त्रालयको सँगठन संरचना.....................................................................................५९
माननीय मन्त्रीज्यूको सचिवालयमा कार्यरत कर्मचारीहरूको फोन नं. र इमेल ठेगाना..............................६०
सामाजिक विकास मन्त्रालयमा कार्यरत कर्मचारीहरूको विवरण ..................................................६१
सामाजिक विकास मन्त्रालय र मातहतका निकायका कार्यालय प्रमुखको विवरण ..................................६३
प्रदेशका मन्त्रालय तथा कार्यालयहरूको सम्पर्क विवरण ...........................................................६६

तालिका सूची

तालिका १ मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरुको जनशक्ती विवरण ................................................ ७
तालिका २ मन्त्रालय र अन्गर्गतका कार्यालयहरुमा रहेका जनशक्तीको तहगत विवरण ..............................१३
तालिका ३ कर्णाली प्रदेशको जिल्लागत जनसाङ्ख्यिक अवस्था..........................................................१४
तालिका ४ कर्णाली प्रदेशको प्रमूख सामाजिक सूचकहरु.................................................................१७
तालिका ५ मन्त्रालयको विनियोजित बजेट तथा खर्चको अवस्था (रू. हजारमा)...................................... २०
तालिका ६ बजेट उपशिर्षक अनुसार विनियोजित बजेट तथा खर्चको अवस्था (क) ...................................२१
तालिका ७ बजेट उपशिर्षक अनुसार विनियोजित बजेट तथा खर्चको अवस्था (रू हजारमा) (ख)....................२३
तालिका ८ खर्च शिर्षक अनुसार विनियोजित तथा खर्च बजेटको अवस्था ................................................२५
तालिका ९ विषयगत कार्यक्षेत्र अनुसार विनियोजित तथा खर्च बजेटको अवस्था ........................................२६
तालिका १० कार्यालयगत कुल बजेट र खर्चको अवस्था ................................................................ २८
तालिका ११ कोभिड १० नियन्त्रण तथा प्रतिकार्यको लागि मन्त्रालय तथा अन्तर्गतका निकायहरुमा विनियोजित बजेट ................................................................................................................ ३३
तालिका १२ कोभिड-१९ प्रतिकार्य व्यवस्थापनमा प्रयोगका लागि उपलब्ध उपकरण र औषधीजन्य सामग्रीको अवस्था............................................................................................................... ३३
तालिका १३ कोभिड-१९ प्रतिकार्य व्यवस्थापनमा प्रयोगका लागि उपलब्ध उपकरण र औषधीजन्य सामग्रीको जिल्लागत अवस्था ...................................................................................................... ३४
तालिका १४ कोभिड-१९ प्रतिकार्य व्यवस्थापनमा प्रयोगका लागि उपलब्ध उपकरण र औषधीजन्य सामग्रीको संस्थागत अवस्था.................................................................................................... ३४
तालिका १५ कोभिड १९ सम्बन्धी जिल्लागत विवरण (२०७९ असार मसान्त सम्म)................................३५
तालिका १६ मन्त्रालय र अन्तर्गतका खर्च केन्द्रहरूको आ.व. २०७८/७९ सम्मको बेरूजु र फछ्र्यौटको अवस्था (रकम रू हजारमा)...................................................................................... ४३

चित्र सूची

चित्र १ मन्त्रालय अन्तर्गत जनशक्तीको अवस्था....................१३
चित्र २ कर्णाली प्रदेशको जिल्लागत कुल जनसङ्ख्या वितरण....................१५
चित्र ३ कर्णाली प्रदेशमा रहेका स्वास्थ्य सेवा प्रदायकको सङ्ख्यात्मक विवरण....................१६
चित्र ४ कर्णाली प्रदेशमा रहेका शिक्षा सेवा प्रदायकहरुको सङ्ख्यात्मक विवरण....................१६
चित्र ५ कर्णाली प्रदेशका केहि सामाजिक सूचकहरु....................१८
चित्र ६ आर्थिक रुपले सक्रिय जनसङ्ख्या र रोजगार जनसङ्ख्याको प्रतिशत....................१९
चित्र ७ बजेट खर्चको अवस्था (रू. हजारमा)....................२०
चित्र ८ बजेट उपशिर्षक अनुसार वित्तीय प्रगति (प्रतिशत)....................२४
चित्र ९ विषयगत कार्यक्षेत्र अनुसार विनियोजित बजेट र खर्चको अवस्था....................२७
चित्र १० कार्यालयगत चालू खर्च (प्रतिशत)....................३०
चित्र ११ कर्णाली प्रदेशमा कोरोना सङ्क्रमितको अवस्था (२०७९ असार समान्त सम्म)....................३६
चित्र १२ कर्णाली प्रदेशमा विगत १ वर्षमा कोभिड १९ बाट सङ्क्रमितहरूको सङ्ख्या....................३७
चित्र १३ कर्णाली प्रदेशमा कोभिड १९ को कुल सङ्क्रमित सङ्ख्या....................३७
चित्र १४ कर्णाली प्रदेशमा कोभिड १९ को मृत्यूदर....................३८
चित्र १५ कर्णाली प्रदेशमा कोभिड १९ बाट मृत्यू सङ्ख्या (आ.व, २०७८/७९)....................३९

# कोरोना भाइरस रोग सम्बन्धी जनचेतनामूलक स्वास्थ्य सन्देश

## कोरोना भाइरस रोगका मुख्य लक्षणहरु :

⁂ ज्वरो आउने ⁂ खोकी लाग्ने ⁂ सास फेर्न गाह्रो हुने

**कसै-कसैमा यी लक्षणहरु पनि देखिन सक्छन् :**

*- जिब्रोले खानाको स्वाद थाह नपाउने*
*- नाकको सुँघ्ने क्षमतामा कमी आउने*
*- घाँटी वा टाउको दुख्ने*
*- पखाला लाग्ने*

*"यी लक्षणहरु देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा गई स्वास्थ्यकर्मीसँग परामर्श लिनुहोस् ।"*

## कोरोना भाइरस रोगबाट बच्न जनस्वास्थ्यका मापदण्डको पालना गरौँ : *SMS*

+ *S = एक-अर्कामा कम्तीमा २ मिटरको भौतिक दुरी पालना गरौँ।*
+ *M = घर बाहिर जाँदा सर्जिकल मास्क वा ३ तहको कपडाको मास्कको प्रयोग गरौँ।*
+ *S = समय-समयमा कम्तीमा २० सेकेण्ड सम्म साबुनपानीले मिचिमिची हात धोऔं वा स्यानिटाइजरको प्रयोग गरौँ।*

## यस बाहेक कोरोना भाइरस रोग सर्नबाट बच्न र अरुलाई बचाउन निम्न उपायहरु अपनाऔँ :

✦ *खोक्दा र हाच्छिउँ गर्दा कुहिनाले वा टिस्यु पेपरले नाक र मुख छोप्ने गरौँ।*
✦ *अनुहारको टी (T) क्षेत्र अर्थात् आँखा, नाक र मुखलाई नछोऔं।*
✦ *ज्वरो र खोकी लागेका व्यक्तिहरुको सम्पर्कबाट टाढा रहौँ र आफुलाई ज्वरो र खोकी लागेको छ भने पनि अरु व्यक्तिहरुबाट टाढा रहौं र मास्कको प्रयोग गरौँ।*
✦ *भीडभाड भएको ठाउँमा नजाऔं।*
✦ *हात मिलाउनुको साटो नमस्कार गरौँ।*

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश
स्वास्थ्य सेवा महाशाखा
वीरेन्द्रनगर, सुर्खेत

## पृष्ठभूमि

कर्णाली प्रदेश भौगोलिक हिसाबले नेपालकै सबैभन्दा ठुलो र जनसङ्ख्याको हिसाबले सबभन्दा सानो प्रदेश हो । यस प्रदेशको क्षेत्रफल २७,९८४ वर्गकिलोमिटर (१०,८०५ वर्गमाइल) रहेको छ । यो एघारौं शताब्दी तिरको खसराज्यको क्षेत्र हो जसले नेपालकै पुरानो सभ्यताको परिचय दिन्छ । मौलिक भाषा, कला, संस्कृति, प्राकृतिक सम्पदाले भरिपुर्ण यो प्रदेशको पूर्वमा गण्डकी प्रदेश र प्रदेश ५, दक्षिणमा लुम्बिनी प्रदेश, पश्चिममा सुदुरपश्चिम प्रदेश र उत्तरमा चिनको तिब्बत पर्दछ । यो प्रदेश विश्व मानचित्रमा *८०° ५८' ५७"* पूर्व देखी *८३° ४०' ५६"* पूर्वी देशान्तर र *२८° १०' ०७"* उत्तर देखी *३०°, २६' ५०"* उत्तरी अक्षांसमा *(GCS_ WGS_1984 Geographic Co- ordinate System* अनुसार) फैलिएको छ । समुद्र सतहबाट १९८ मिटर देखी ७,७६७ मिटर सम्म फैलिएको यस प्रदेशलाइ भौगोलिक हिसाबले हिमाली र पहाडी गरी दुइ भेगमा विभाजन गर्न सकिन्छ ।




सुन्दर प्राकृतिक दृष्य, हिमालय, प्रसिद्ध तालहरू, अमुल्य प्राकृतिक सम्पदा, जडिबुटीहरू, धार्मिक क्षेत्र, कला संस्कृति, प्राचिन इतिहास आदि यस प्रदेशका विशेषताहरू हुन् । नेपालकै सबभन्दा ठुलो ताल रारा र सबभन्दा गहिरो ताल फोक्सुण्डो ताल यसै प्रदेशमा रहेका छन् । यस प्रदेशमा १० जिल्लाहरू २५ नगरपालिका, ५४ गाउँपालिका र ७१८ वडाहरू रहेका छन् । यस प्रदेशमा ९० प्रतिशत भन्दा बढी हिन्दु धर्मालम्बीहरूको बसोबास रहेको छ भने बुद्ध, मुस्लिम, क्रिश्चियन धर्मावलम्बीहरूको समेत बसोबास रहेको छ । यहाँको प्रमुख भाषा नेपाली हो भने मगर, खाम, काइके, थारू अन्य भाषाहरू पनि विभिन्न स्थानहरूमा प्रचलनमा रहेको पाइन्छ । कृषि पेशा यहाँको प्रमुख पेशा हो, यहाँका करिब ७० प्रतिशत घरपरिवार कृषि पेशामा संलग्न छन् । कठिन भौगोलिक अवस्था, न्यून भौतिक पूर्वाधार, न्यून मानवीय विकास का कारणले यहाँका आर्थिक, सामाजिक सूचकहरूको अवस्था कमजोर रहेको पाइन्छ । कर्णाली प्रदेशमा साक्षरता दर ६३ प्रतिशत, गरिबीको दर ३९.८ प्रतिशत, मानवीय विकास सूचक ०.४२६, ५ वर्ष मुनिको मृत्युदर ५५ जना प्रतिहजार , शिशु मृत्युदर ४७ जना प्रतिहजार, नवजात शिशु मृत्युदर २९ जना प्रतिहजार रहेको पाइन्छ । यहाँका २४ प्रतिशत परिवार मात्र ३० मिनेट भित्र स्वास्थ्य संस्थामा पुग्न सक्छन् र करिब ८००० जनसङ्ख्याको लागि सरदर १ जना चिकित्सकको उपलब्धता रहेको छ । यस प्रदेशका ७७ प्रतिशत जनसङ्ख्यामा मात्र सुरक्षित पिउने पानीको पहुँच रहेको छ ।

## परिचय

नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णय अनुसार ७ वटा विषयगत कार्यक्षेत्र समेटने गरी स्थापना भएको कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय साविक जिल्ला जनस्वास्थ्य कार्यालय सुर्खेतको भवनमा मिति २०७४/११/०२ गते स्थापना भई संचालनमा रहेको छ । प्रदेश सरकार मन्त्रीपरिषदको मिति २०७६/०५/०६ को निर्णय अनुसार यस मन्त्रालय र अन्तर्गतका २६ वटा कार्यालयमा कुल जम्मा १०७० स्थायी दरवन्दी स्वीकृत भएको थियो । हाल यस मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा निर्देशनालय, शिक्षा विकास निर्देशनालय, मानव संशाधन विकास केन्द्र, प्रदेश अस्पताल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, १० जन/स्वास्थ्य सेवा कार्यालयहरू, ९ सामाजिक विकास कार्यालयहरू, ९ आयुर्वेदिक स्वास्थ्य केन्द्रहरू, प्रदेश संग्रहालय, मेहेलकुना अस्पताल र प्रदेश आयुर्वेद औषधालय गरी ३९ वटा कार्यालयहरू रहेका छन् ।मन्त्रालयमा प्रदेश सचिव (रा.प.प्रथम श्रेणी) को नेतृत्वमा ५ महाशाखा र १२ शाखाहरूमा गरि जम्मा ५२ स्थायी दरबन्दी रहेको छ ।

## मन्त्रालयको दीर्घकालीन सोच

कर्णाली प्रदेशको स्वास्थ्य शिक्षा र मानव संसाधन विकासमा सुधार, लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा सशक्तिकरण गर्दै विशिष्ट सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्धन गरी कर्णालीबासीको सामाजिक आर्थिक रूपान्तरण गर्ने ।

## मन्त्रालयको दीर्घकालीन सोच हासिल गर्ने ध्येय

- कर्णालीवासीको स्वास्थ्य र पोषणको अवस्थालाई सुदृढ बनाउन गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने,
- सभ्य र समृद्ध समाज निर्माणका लागि सबै तहका शिक्षामा शिक्षामा पहुँच सुनिश्चित गर्दै गुणस्तर अभिबृद्धि गर्ने,
- समाजमा विद्यमान सबैखाले विभेदको अन्त्य गर्दै समतामूलक र समावेशी विकासको प्रत्याभूति गर्ने,
- उद्यमशील, सिपयुक्त, उत्पादनमूलक तथा स्वरोजगार उन्मुख मानव संशाधन विकासमा जोड दिने,
- स्वस्थ मानव जीवनको अपरिहार्य आवश्यकताका रूपमा खेलकुद विकासलाई जोड दिने,
- कर्णालीको विशिष्ट साँस्कृतिक सम्पदा र धरोहरको संरक्षण र सम्वर्धन गर्ने,

## दिर्घकालिन उद्देश्यहरू

- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित हुनेगरी पूवाधार विकास, जनशक्ति व्यवस्थापन र स्वास्थ्य आपूर्ति प्रणालीको प्रभावकारी व्यवस्थापन गर्ने,
- विद्यमान पोषणको अवस्थामा सुधार ल्याउनको लागि समन्वयात्मक र सहकार्यात्मक कार्यहरू सञ्चालन गर्ने,
- आधारभूत तहसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य गर्दै माध्यमिक तहसम्मको शिक्षालाई सीप युक्त, जीवनपयोगी, रोजगार मूलक र उत्पादन मूलक बनाउने,

- उच्चशिक्षाको पहुँचलाई विस्तार गरी वैज्ञानिक, खोज मूलक, उद्यमशील र अनुसन्धानमूलक बनाउदै आत्मनिर्भर नागरिक तयार गर्ने,
- वालअधिकार, लैङ्गिक समानता, र सामाजिक समावेशीकरणलाई कर्णालीको सामाजिक विकासमा मूलप्रवाहीकरण गर्ने,
- विकासका विभिन्न आयामहरूमा अपाङ्गतामैत्री, वालमैत्री, ज्येष्ठ नागरिकमैत्री लैङ्गिकमैत्री रणनीति अवलम्वन गर्दै लोपोन्मुख, सीमान्तकृत तथा वन्चितिकणमा परेका जोखिमयुक्त वर्ग तथा समुदायको उत्थान गर्ने,
- युवालाई ज्ञान, सिप, प्रविधियुक्त, उद्यमशील र स्वाबलम्बी बनाउदै कर्णाली विकासको सम्वाहक शक्तिको रूपमा विकास गर्ने,
- कर्णालीको मानव संशाधन विकास ढाँचा विकास गर्दा भातृत्व, कर्णाली प्रदेशमा नै काम गर्ने र लगानी गर्ने लगाव
- सबैका लागि खेलकुदको अभिप्राय वमोजिम खेलकूदको पूर्वाधार विकास, प्रतिस्पर्धी र व्यवसायिक खेलाडीहरू उत्पादन गर्दै प्रदेशको समग्र खेलकूद जगतको संस्थागत विकास गर्ने ।
- कर्णालीमा अवस्थित भाषिक, साहित्यिक, साँस्कृतिक, पुरातात्विक वहुमूल्य सम्पदाहरूको संरक्षण र सम्बर्धन गर्ने ।

## मन्त्रालयको कार्यक्षेत्र

१. स्वास्थ्य तथा जनसङ्ख्या
२. शिक्षा तथा मानव संशाधन
३. महिला बालबालिका तथा समाज कल्याण
४. युवा तथा खेलकुद
५. भाषा धर्म तथा संस्कृति
६. श्रम तथा रोजगार
७. पोषण खानेपानी तथा सरसफाई

## मन्त्रालयका महाशाखाहरू

१. प्रशासन तथा योजना महाशाखा
२. शैक्षिक विकास महाशाखा
३. स्वास्थ्य सेवा महाशाखा
४. युवा तथा खेलकुद महाशाखा
५. सामाजिक विकास महाशाखा

## मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू

प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्

- देश स्तरको विश्वविद्यालय तथा उच्चशिक्षा सम्वन्धी नीति, कानुन तथा माप दण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- शैक्षिक परामर्श सेवाको माप दण्ड निर्धारण, अनुमति तथा नियमन,
- प्रदेश स्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्वन्धी नीति, कानुन तथा माप दण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्वन्धी नीति, कानुन तथा माप दण्ड निर्धारण, कार्यान्वयन र नियमनत थापाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामाग्री निर्माण, उत्पादन र वितरण,
- प्रदेश स्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,
- प्रदेश स्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको माप दण्ड निर्धारण र नियमन,
- माध्यमिक तहको परीक्षा व्यवस्थापन,
- प्रदेश स्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन,
- स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, माप दण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेश स्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,
- स्वास्थ्य सेवा सम्वन्धी प्रदेश स्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघसंस्थाको दर्ता, सञ्चालनअनुमति र नियमन,
- प्रदेश स्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,
- राष्ट्रिय माप दण्ड बमोजिम औषधी जन्य तथा स्वास्थ्य प्रविधि सम्वन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा माप दण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन,
- राष्ट्रिय माप दण्ड अनुरुप अस्पताल, नर्सिङ्गहोम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशाला को दर्ता, सञ्चालन, अनुमति र नियमन,
- खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको माप दण्ड निर्धारण र कार्यान्वयन,
- राष्ट्रिय माप दण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,
- प्रदेश स्तरीय स्वास्थ्य क्षेत्रको मानव स्रोत विकास र व्यवस्थापन,

- औषधी निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्युनीकरण,
- खोप र परिवार नियोजन,
- संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन,
- प्रदेश स्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह,
- प्रदेश स्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन,
- सूर्ति, मदिरा र लागु पदार्थ जन्य वस्तुकोमा पदण्ड, नियन्त्रण तथा नियमन,
- स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद्र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवाप्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधी जन्य सामग्रीको प्रादेशिक बफर स्टक व्यवस्थापन,
- सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,
- राष्ट्रिय माप दण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
- स्वास्थ्य जन्य फोहोर व्यवस्थापन सम्वन्धी माप दण्ड निर्धारण, कार्यान्वयन र नियमन,
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परा गत स्वास्थ्य उपचार सेवा सम्वन्धी प्रदेश स्तरीय माप दण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,
- प्रदेश स्तरको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रदेशिक नीति, कानून तथा माप दण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन,
- खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा माप दण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- सर्व साधारणलाइ स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडीएका वर्गको पहुँच सुनिश्चितता,
- जनसङ्ख्या, बसाइ सराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरु सँगको सम्पर्क र समन्वय,
- महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, माप दण्डत थायोजना तर्जुमा, कार्यान्वयन र नियमन,
- लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसार पसार सम्वन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनस्थापन,
- महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान,
- लैंगिक उत्तरदायी वजेट र लैङ्गिक परिक्षण,
- बालबालिकाको हक हित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, माप दण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना,

- प्रदेश स्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिकाका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन,
- समाज कल्याण र संघसस्था सम्वन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन,
- युवा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन,
- खेलकूद सम्वन्धी प्रादेशिक नीति, कानुन तथा माप दण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन,
- खेलकूद प्रशासन र संघसंस्थाको समन्वय र नियमन,
- राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता,
- लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठनागरिक लक्षित आवास सम्बन्धी नीति, माप दण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा माप दण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघसंस्था सँग सम्पर्क, समन्वय र सहकार्य,
- प्रदेश भित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा माप दण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसंग समन्वय,
- विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी,
- भाषा, लिपिसंस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानुन, माप दण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तुकलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिक स्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन,
- प्रादेशिक स्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन,
- प्रदेश स्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, सास्कृतिक धरोहर सम्वन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एव संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण,
- धर्म, परम्परार गुठी अन्तर्गत चलि आएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन,
- संस्कृतिको विकास सम्वन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,
- रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा माप दण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेडयुनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन,
- श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रम शक्ति योजना,
- औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण,
- कार्य स्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन ।

## जनशक्ति अवस्था

यस मन्त्रालय र मातहतका कार्यालयहरूमा रहेका कुल जनशक्तिको दरबन्दी तथा हाल दरबन्दी तथा करारमा कार्यरत कर्मचारीहरूको विवरण निम्न अनुसार रहेको छ ।

*तालिका १ मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरुको जनशक्ति विवरण*

| सि.न. | पद | तह | सेवा | समुह | दरवन्दी सङ्ख्या | समायोजनबाट पद पुर्ति सङ्ख्या | दरवन्दी करार सङ्ख्या | रिक्त सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | ११ | प्रशासन | सा.प्रा. | १ | १ | ० | ० |
| २ | निर्देशक | ११ | शिक्षा | शि.प्र | १ | १ | ० | ० |
| ३ | निर्देशक | ११ | स्वास्थ्य | हे.ई./प.हे.ए. | १ | १ | ० | ० |
| ४ | निर्देशक | ११ | प्र/स्वा/शि | सा.प्र./स्वा.शि/शि.प्र | १ | ० | ० | १ |
| ५ | अस्पताल निर्देशक | ११ | स्वास्थ्य | ज.हे.स. | १ | १ | ० | ० |
| ६ | प्रमुख कन्सल्टेन्ट अब्स्ट्रेटिक्स | ११ | स्वास्थ्य | अब्स्ट्रेटिक्स | १ | १ | ० | ० |
| ७ | प्रमुख कन्सल्टेन्ट पेडायाट्रेटिक्स | ११ | स्वास्थ्य | पेडायाट्रिक्स | १ | ० | ० | १ |
| ८ | प्रमुख कन्सल्टेन्ट जनरल | ११ | स्वास्थ्य | मेडिसियन/जनरल मेडिसिन | १ | ० | ० | १ |
| ९ | प्रमुख कन्सल्टेन्ट सर्जन | ११ | स्वास्थ्य | सर्जरी/जनरल सर्जरी | १ | १ | ० | ० |
| १० | प्रमुख कन्सल्टेन्ट अर्थोपेडिक | ११ | स्वास्थ्य | सर्जरी/अर्थोपेपडिक सर्जरी | १ | ० | ० | १ |
| ११ | प्रमुख कन्सल्टेन्ट ई.एन.टी. | ११ | स्वास्थ्य | अटोरिनोफ ल्यारेगोलोजी | १ | ० | ० | १ |
| १२ | प्रमुख कन्सल्टेन्ट साइक्याट्रिष्ट | ११ | स्वास्थ्य | साइक्याट्रि | १ | ० | ० | १ |
| १३ | प्रमुख कन्सल्टेन्ट डर्माटोलोजिष्ट | ११ | स्वास्थ्य | डर्माटोलोजिष्ट | १ | ० | ० | १ |
| १४ | प्रमुख कन्सल्टेन्ट डेन्टल सर्जन | ११ | स्वास्थ्य | डेन्टिष्ट्रि | १ | ० | ० | १ |
| १५ | प्रमुख कन्सल्टेन्ट मेडिकल | ११ | स्वास्थ्य | मेडिसियन/जनरल मेडिसिन | १ | ० | ० | १ |
| १६ | प्रमुख कन्सल्टेन्ट रेडियोलोजिष्ट | ११ | स्वास्थ्य | रेडियो | १ | ० | ० | १ |
| १७ | प्रमुख कन्सल्टेन्ट प्याथोलोजिष्ट | ११ | स्वास्थ्य | प्योलोजी/ज | १ | ० | ० | १ |
| १८ | प्रमुख कन्सल्टेन्ट | ११ | स्वास्थ्य | एनेष्थेसियोलोजि | १ | ० | ० | १ |
| १९ | प्रमुख अस्पताल नर्सिङ्ग प्रशासक | ११ | स्वास्थ्य | जनरल नर्सिङ्ग | १ | ० | ० | १ |

| सि.न. | पद | तह | सेवा | समुह | दरवन्दी सङ्ख्या | समायोजनबाट पद पुर्ति सङ्ख्या | दरवन्दी करार सङ्ख्या | रिक्त सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| २० | उपसचिव प्रशासन | ९/१० | प्रशासन | सा.प्रा. | ७ | ० | ० | ७ |
| २१ | उपसचिव शिक्षा | ९/१० | शिक्षा | शि.प्र. | ६ | ६ | ० | ० |
| २२ | प्र.म.वि.अ. | ९/१० | विविध | | १ | १ | ० | ० |
| २३ | उप/जनस्वास्थ्य प्रशासक | ९/१० | स्वास्थ्य | प.हे.ए./ए.चि./हे.ई. | ११ | १ | ० | १० |
| २४ | अस्पताल व्यवस्थापक | ९/१० | स्वास्थ्य | ज.हे.स./मे.ज. | १ | ० | ० | १ |
| २५ | बरिष्ठ डेमोग्राफर | ९/१० | आ.यो.त.त. | तथ्याङ्क | १ | ० | ० | १ |
| २६ | आयुर्वेद विज्ञ | ९/१० | स्वास्थ्य | आयुर्वेद | १ | ० | ० | १ |
| २७ | वरिष्ट स्वास्थ्य शिक्षा प्रशासक | ९/१० | स्वास्थ्य | हे.ए. | १ | ० | ० | १ |
| २८ | कन्सल्टेण्ट अव्स्ट्रेटिसियन एण्ड गाइनोकोलोजिष्ट | ९/१० | स्वास्थ्य | अव्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजी | १३ | ० | १ | १२ |
| २९ | कन्सल्टेन्ट पेडियाट्रिसियन | ९/१० | स्वास्थ्य | पेडियाट्रिक्स/ पेडियाट्रिक मेडिसिन | २ | ० | १ | १ |
| ३० | कन्सल्टेन्ट नियोनेटोलोजिष्ट | ९/१० | स्वास्थ्य | पेडियाट्रिक /नियोनेटोलोजी | १ | ० | ० | १ |
| ३१ | कन्सल्टेन्ट जनरल फिजिसियन | ९/१० | स्वास्थ्य | मेडिसिन/जनसल मेडिसिन | १२ | १ | १ | १० |
| ३२ | कन्सल्टेन्ट ग्याष्ट्रोइटेरोलोजिष्ट | ९/१० | स्वास्थ्य | मेडिसिन/ग्यास्ट्रोलोजी | १ | ० | ० | १ |
| ३३ | कन्सल्टेन्ट कार्डियोलोजिष्ट | ९/१० | स्वास्थ्य | मेडिसिन/टोपिकल मेडिसिन | १ | ० | ० | १ |
| ३४ | कन्सल्टेन्ट नेफ्रोलोजिष्ट | ९/१० | स्वास्थ्य | मेडिसिन/ नेफ्रोलोजी | १ | ० | ० | १ |
| ३५ | कन्सल्टेन्ट न्यूरोलोजिष्ट | ९/१० | स्वास्थ्य | मेडिसिन/ न्यूरोलोजी | १ | ० | ० | १ |
| ३६ | कन्सल्टेन्ट इण्डोक्राइनोलोजिष्ट | ९/१० | स्वास्थ्य | मेडिसिन/इण्डोक्राइनोलोजी | १ | ० | ० | १ |
| ३७ | फरेन्सिक मेडिसिन अधिकृत | ९/१० | स्वास्थ्य | मेडिसिन/फरेन्सिक मेडिसिन | १ | ० | ० | १ |

| सि.न. | पद | तह | सेवा | समुह | दरवन्दी सङ्ख्या | समायोजनबाट पद पुर्ति सङ्ख्या | दरवन्दी करार सङ्ख्या | रिक्त सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| ३८ | कन्सल्टेन्ट जनरल सर्जन | ९/१० | स्वास्थ्य | सर्जरी/जनरल सर्जरी | १२ | १ | ० | ११ |
| ३९ | कन्सल्टेन्ट पिडियाटिसियन सर्जन | ९/१० | स्वास्थ्य | सर्जरी/पिडियाटिक सर्जरी | १ | ० | ० | १ |
| ४० | कन्सल्टेन्ट पिडियाटिसियन | ९/१० | स्वास्थ्य | पिडियाटिक मेडिसियन | ४ | ० | ० | ४ |
| ४१ | कन्सल्टेन्ट ग्याष्ट्रइन्टेरोलोजिष्ट सर्जन | ९/१० | स्वास्थ्य | सर्जरी/ग्यास्ट्रोइन्टेरोलोजीकल सर्जरी | १ | ० | ० | १ |
| ४२ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन | ९/१० | स्वास्थ्य | सर्जरी/अर्थो सर्जरी | ७ | १ | २ | ४ |
| ४३ | कन्सल्टेन्ट ई.एन.टि. सर्जन | ९/१० | स्वास्थ्य | अटोरिनो ल्यारेगोंलोजी | १ | ० | १ | ० |
| ४४ | कन्सल्टेन्ट साइक्याट्रिस्ट | ९/१० | स्वास्थ्य | साइक्याट्रि | १ | ० | १ | ० |
| ४५ | कन्सल्टेन्ट डर्माटोलोजिष्ट | ९/१० | स्वास्थ्य | डर्माटोलोजि/ ल्याप्रोलोजी/भेरेरल डिजिज | १ | ० | १ | ० |
| ४६ | कन्सल्टेन्ट डेण्टल सर्जन | ९/१० | स्वास्थ्य | डेन्टिष्ट्रि/जनरल डेण्टल | १ | ० | ० | १ |
| ४७ | कन्सल्टेन्ट मेडिकल जनरलिष्ट | ९/१० | स्वास्थ्य | मेडिकल जनरलिष्ट | २ | ० | १ | १ |
| ४८ | कन्सल्टेन्ट रेडियोलोजिष्ट | ९/१० | स्वास्थ्य | रेडियोलोजी/रेडियो डाग्नोसिस | २ | ० | १ | १ |
| ४९ | कन्सल्टेन्ट प्याथोलोजिष्ट | ९/१० | स्वास्थ्य | प्याथोलोजी/जनरल प्याथोलोजी | १ | ० | १ | ० |
| ५० | उपप्रमुख मेडिकल ल्याव | ९/१० | स्वास्थ्य | मे. ल्या. टे.ज.मे.ल्या.टे. | १ | ० | ० | १ |
| ५१ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | ९/१० | स्वास्थ्य | एनेस्थेसीयोलोजी | ३ | ० | ० | ३ |
| ५२ | अस्पताल नर्सिङ प्रशासक | ९/१० | स्वास्थ्य | जनरल नर्सिङ | २ | ० | ० | २ |
| ५३ | क.न./प.हे.न. प्रशासन | ९/१० | स्वास्थ्य | क.न./प.हे.न. | १ | ० | ० | १ |
| ५४ | सामाजिक विकास अधिकृत | ९/१० | प्रशासन/ विविध | सा.प्र./विविध | ४ | ० | ० | ४ |

| सि.न. | पद | तह | सेवा | समुह | दरवन्दी सङ्ख्या | समायोजनबाट पद पुर्ति सङ्ख्या | दरवन्दी करार सङ्ख्या | रिक्त सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| ५५ | बरिष्ठ जनस्वास्थ्य अधिकृत | ९/१० | स्वास्थ्य | हे.ई. | १३ | १ | ० | १२ |
| ५६ | आयुर्वेद चिकित्स | ९/१० | स्वास्थ्य | आयुर्वेद | १ | ० | ० | १ |
| ५७ | संग्रहालय प्रमुख | ९/१० | शिक्षा | पुरातत्व/संग्रहालय | १ | ० | ० | १ |
| ५८ | सामाजिक विकास अधिकृत | ७/८ | सा.प्र/शिक्षा | सा.प्र./शि.प्र | ५ | ५ | ० | ० |
| ५९ | अधिकृत प्रशासन | ७/८ | प्रशासन | सा.प्रा. | ७ | ३ | ० | ४ |
| ६० | अधिकृत शिक्षा | ७/८ | शिक्षा | शि.प्र. | १४ | १४ | ० | ० |
| ६१ | अधिकृत शिक्षा | ७/८ | शिक्षा | शि.प्र. (विषयगत) | ६ | १ | ० | ५ |
| ६२ | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | ५ | ५ | ० | ० |
| ६३ | तथ्याङ्क अधिकृत | ७/८ | आ.यो.त.त. | तथ्याङ्क | २ | १ | ० | १ |
| ६४ | महिला विकास अधिकृत | ७/८ | विविध | | ७ | २ | ० | ५ |
| ६५ | कानून अधिकृत | रा.प.तृ. | न्याय | कानून | १ | ० | ० | १ |
| ६६ | जनस्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य | हे.ई. | १३ | २ | ५ | ६ |
| ६७ | आयुर्वेद चिकित्सक | ८ | स्वास्थ्य | आयुर्वेद | ११ | २ | ९ | ० |
| ६८ | कम्यूनिटि नर्सिङ्ग अधिकृत | ७/८ | स्वास्थ्य | कम्यूनिटि | ३ | १ | ० | २ |
| ६९ | फार्मेसी अधिकृत | ७/८ | स्वास्थ्य | फार्मेसी | ३ | १ | १ | १ |
| ७० | स्वास्थ्य शिक्षा अधिकृत | ७/८ | स्वास्थ्य | हे.ए. | ३ | ३ | ० | ० |
| ७१ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज.हे.स. | ६१ | ११ | २८ | २२ |
| ७२ | डेन्टल सर्जन | ८ | स्वास्थ्य | डेन्टिष्ट्रि | १२ | १ | १० | १ |
| ७३ | नर्सिङ्ग अधिकृत | ७/८ | स्वास्थ्य | जनरल नर्सिङ्ग | १८ | ३ | १० | ५ |
| ७४ | मेडिकल ल्याव टेक्नोलोजिष्ट | ७/८ | स्वास्थ्य | मे.ल्या.टे | ४ | ० | ३ | १ |
| ७५ | फिजियोथेरापीष्ट | ७/८ | स्वास्थ्य | फिजियोपथेरापी | २ | ० | ० | २ |
| ७६ | डाइटिसियन अधिकृत | ७/८ | स्वास्थ्य | विविध | १ | ० | ० | १ |
| ७७ | हाउस किपिङ अधिकृत | ७/८ | स्वास्थ्य | विविध | २ | ० | ० | २ |
| ७८ | बायोमेडिकल इन्जिनियर | ७/८ | स्वास्थ्य | विविध | २ | ० | १ | १ |
| ७९ | मेडिकल रेकर्डर अधिकृत | ७/८ | स्वास्थ्य | मेडिकल रेकर्डर | १ | ० | ० | १ |

| सि.न. | पद | तह | सेवा | समुह | दरवन्दी सङ्ख्या | समायोजनबाट पद पुर्ति सङ्ख्या | दरवन्दी करार सङ्ख्या | रिक्त सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| ८० | अस्पताल व्यवस्थापक | ७/८ | स्वास्थ्य | विविध | १ | ० | ० | १ |
| ८१ | रेडियोग्राफी टेक्नोलोजिष्ट | ७/८ | स्वास्थ्य | रेडियोग्राफी | ५ | ० | ० | ५ |
| ८२ | क्लिनिकल साइकोलोजिष्ट | ७/८ | स्वास्थ्य | विविध | १ | ० | ० | १ |
| ८३ | संग्रहालय अधिकृत | ७/८ | शिक्षा | पुरातत्व/संग्रहालय | १ | ० | ० | १ |
| ८४ | पुरातत्व अधिकृत | ७/८ | शिक्षा | पुरातत्व | २ | ० | ० | २ |
| ८५ | सहायक प्रशासन | ५/६ | सामान्य | सा.प्रा. | ३६ | २६ | ० | १० |
| ८६ | लेखा सहायक/अधिकृत | ५/६ | सामान्य | लेखा | ३१ | २२ | ० | ९ |
| ८७ | कम्प्यूटर सहायक | ५/६ | विविध | | ३ | ३ | ० | ० |
| ८८ | हेल्थ असिष्टेन्ट | ५/६/७ | स्वास्थ्य | ह.ई. | ४८ | ३२ | १४ | २ |
| ८९ | रेडियोग्राफर | ५/६/७ | स्वास्थ्य | रेडियोग्राफी | १४ | ४ | ७ | ३ |
| ९० | ल्याव टेक्निसियन | ५/६/७ | स्वास्थ्य | मे.ल्या.टे | २५ | १० | १३ | २ |
| ९१ | एनेस्थेटिक सहायक | ५/६/७ | स्वास्थ्य | एनेस्थेसिया | १२ | ० | ० | १२ |
| ९२ | फिजियोथेरापि सुपरभाइजर | ५/६/७ | स्वास्थ्य | फिजियोपथेरापी | २ | १ | ० | १ |
| ९३ | बायोमेडिकल टेक्निसियन | ५/६/७ | स्वास्थ्य | विविध/बायोमेडिकल | २ | ० | ० | २ |
| ९४ | मेडिकल रेकर्डर सुपरभाइजर | ५/६/७ | स्वास्थ्य | मेडिकल रेकर्डर | ११ | ३ | ० | ८ |
| ९५ | फार्मेसी सहायक | ५/६/७ | स्वास्थ्य | फार्मेसी | १२ | २ | ६ | ४ |
| ९६ | स्टाफनर्स | ५/६/७ | स्वास्थ्य | जनरल नर्सिङ्ग | १६७ | ३७ | ८७ | ४३ |
| ९७ | डाइलाइसिस टेक्निसियन | ५/६/७ | स्वास्थ्य | विविध | २ | ० | ० | २ |
| ९८ | डेन्टल हाइजिनिष्ट | ५/६/७ | स्वास्थ्य | डेन्टिष्ट्रि | ३ | ० | ० | ३ |
| ९९ | इ.सि.जि.टेक्निसियन | ५/६/७ | स्वास्थ्य | विविध | २ | ० | ० | २ |
| १०० | अर्थोप्टिसियन सहायक | ५/६/७ | स्वास्थ्य | विविध | २ | ० | ० | २ |
| १०१ | संहालय पथप्रदर्शक | ५/६ | शिक्षा | पुरातत्व/संग्रहालय | १ | ० | ० | १ |
| १०२ | सव इन्जिनियर | ५/६ | इन्जि | सिविल | १ | ० | ० | १ |
| १०३ | प्राविधिक सहायक | ५/६ | शिक्षा | पुरातत्व/संग्रहालय | १ | ० | ० | १ |
| १०४ | पब्लिक हेल्थ नर्स | ५/६/७ | स्वास्थ्य | प.हे.न. | ११ | ४ | ० | ७ |
| १०५ | कम्प्यूटर प्रशिक्षक | ५/६ | विविध | | १ | १ | ० | ० |

| सि.न. | पद | तह | सेवा | समुह | दरवन्दी सङ्ख्या | समायोजनबाट पद पुर्ति सङ्ख्या | दरवन्दी करार सङ्ख्या | रिक्त सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| १०६ | व्युटिसियन | ५/६ | विविध | | १ | १ | ० | ० |
| १०७ | इलेक्ट्रिसियन | ५/६ | इन्जि | इलेक्टिकल/ज.ई. | १ | १ | ० | ० |
| १०८ | सिलाइ कटाइ प्रशिक्षक | ५/६ | विविध | | १ | १ | ० | ० |
| १०९ | कविराज | ५/६/७ | स्वास्थ्य | आयुर्वेद | ११ | ५ | २ | ४ |
| ११० | तथ्याङ्क सहायक | ५/६ | तथ्याङ्क | आ.यो.त. | ११ | ६ | ० | ५ |
| १११ | महिला विकास निरिक्षक | ५/६ | विविध | | ७ | ३ | ० | ४ |
| ११२ | प्राविधिक सहायक | ५/६ | शिक्षा | शि.प्र. | १८ | ९ | ० | ९ |
| ११३ | अ.हे.व. | ४/५/६ | स्वास्थ्य | हे.ई. | ३० | १० | ० | २० |
| ११४ | ल्याव असिष्टेन्ट | ४/५/६ | स्वास्थ्य | मे.ल्या.टे | १८ | १ | ० | १७ |
| ११५ | अ.न.मी. | ४/५/६ | स्वास्थ्य | कम्यूनिटि | ३४ | १९ | ० | १५ |
| ११६ | डार्करुम सहायक | ४/५/६ | स्वास्थ्य | रेडियोग्राफी | ४ | ४ | ० | ० |
| ११७ | ग्यालरी गार्ड | ४/५ | शिक्षा | पुरातत्व/संग्रहालय | २ | १ | ० | १ |
| ११८ | प्लम्बर | ४/५ | इन्जि | सिविल | १ | १ | ० | ० |
| ११९ | कम्युटर सहायक | ४/५ | विविध | | १ | १ | ० | ० |
| १२० | सहायक | ४/५ | प्रशासन | सा.प्र. | २ | २ | ० | ० |
| १२१ | वैद्य | ४/५/६ | स्वास्थ्य | आयुर्वेद | १७ | १३ | ० | ४ |
| १२२ | कोल्चेन सहायक | ४/५/६ | स्वास्थ्य | हे.ई. | १२ | १० | ० | २ |
| १२३ | भान्से | श्रेणिविहिन | श्रेणिविहिन | | ४ | ३ | ० | ० |
| १२४ | धोवि | श्रेणिविहिन | श्रेणिविहिन | | ३ | ३ | ० | ० |
| १२५ | ह.स.चा. | श्रेणीविहिन | श्रेणीविहिन | | ३५ | ३५ | ० | ० |
| १२६ | कार्यालय सहयोगी | श्रेणीविहिन | श्रेणीविहिन | | १३८ | १३५ | ० | ० |

स्रोतः मन्त्रालयको अभिलेख

## शिशु जन्मिने अनुमानित मिति र गर्भ जाँच सम्बन्धी जानकारी

- शिशु जन्मिने अनुमानित मिति थाह पाउन अन्तिम महिनावारी भएको पहिलो दिन देखि गन्ती गरी ९ महिना र ७ दिन जोड्नुपर्छ।
- जस्तैः कुनै महिलाको अन्तिम पटक महिनावारी भएको पहिलो दिन २०७६ बैशाख ५ भएमा उनको शिशु जन्मिने अनुमानित मिति २०७६ माघ १२ गते हुन्छ। उनले कम्तीमा ४ पटक गर्भ जाँच गराउनुपर्छ। यस अनुसार पहिलो पटक साउन महिनामा, दोस्रो पटक असोज महिनामा, तेस्रो पटक मंसिर महिनामा र चौथो पटक पुस महिनामा गर्भ जाँच गराउनुपर्छ।
- सेवा र सल्लाहका लागि स्वास्थ्य संस्थामा सम्पर्क राखौं।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश
स्वास्थ्य सेवा महाशाखा
वीरेन्द्रनगर, सुर्खेत




*चित्र १ मन्त्रालय अन्तर्गत जनशक्तीको अवस्था*

स्रोतः मन्त्रालयको अभिलेख

सामाजिक विकास मन्त्रालय वा अन्तर्गत रहेका जम्मा १०७० दरबन्दीहरूमध्ये ४५५ स्थायीरूपमा र २३० करारबाट गरी जम्मा ६८५ दरबन्दी पूर्ति भएको वर्तमान अवस्था छ । यस आँकडाबाट मन्त्रालय वा अन्तर्गतमा जनशक्तिको कमी रहेको कुरा प्रष्ट हुन्छ । जनशक्ति कमी भएका कारण कार्यक्रमहरू प्रभावकारी तरिकाले गर्न नसकी अपेक्षित उपलब्धी हासिल गर्नमा समेत केही बाधा भैरहेको अवस्था छ ।

तुलनात्मक रूपमा श्रेणिविहिन कर्मचारीको पदपूर्ति सबभन्दा बढी ९७.८ प्रतिशत र नवौं/दशौं तहका कर्मचारीको पदपूर्ति सबभन्दा कम २१. ४ प्रतिशत रहेको देखिन्छ । प्रदेश अन्तर्गत स्वास्थ्य तर्फको कुल ८९३ स्वीकृत दरबन्दी मध्ये करार सहित ५८६ पूर्ति रहेको छ । चिकित्सकहरूको जम्मा दरबन्दी १७१ भएको मा स्थायी र करार समेत गरि जम्मा पदपूर्ति ९३ जना (५४.४%) रहेको छ भने अझै पनि कुल स्वीकृत दरबन्दीको करिब ४५ प्रतिशत भन्दा बढि दरबन्दी रिक्त रहेको छ ।यस मन्त्रालय वा अन्तर्गत तहगत रूपमा जनशक्तिको दरबन्दी तथा हाल कार्यरत अवस्था यस प्रकार रहेको छ ।

*तालिका २ मन्त्रालय र अन्गर्गतका कार्यालयहरुमा रहेका जनशक्तीको तहगत विवरण*

| सि.नं | तह | स्वीकृत दरबन्दी | स्थायी कार्यरत | करार कार्यरत | जम्मा कार्यरत | स्थायी पदपूर्ति% | जम्मा पदपूर्ति% |
|---|---|---|---|---|---|---|---|
| १ | एघारौं | १९ | ६ | ० | ६ | ३१.५८ | ३१.५८ |
| २ | नवौं/दशौं | ११२ | १३ | ११ | २४ | ११.६१ | २१.४३ |
| ३ | सातौं/आठौं | ३५० | ५५ | ६७ | १२२ | १५.७१ | ३४.८६ |
| ४ | पाँचौं/छैठौं/सातौं | २८४ | १६१ | ११३ | २७४ | ५६.६९ | ९६.४८ |
| ५ | चौथो/पाँचौं/छैठौं | १२५ | ६२ | २१ | ८३ | ४९.६ | ६६.४ |
| ६ | श्रेणी विहिन | १८० | १५८ | १८ | १७६ | ८७.७८ | ९७.७८ |
| **जम्मा** | | **१०७०** | **४५५** | **२३०** | **६८५** | **४२.५२** | **६४.०२** |

स्रोतः मन्त्रालयको अभिलेख

## लक्षित जनसङ्ख्या

आ.व. २०७८/७९ मा कर्णाली प्रदेशको कूल लक्षित जनसङ्ख्या १६,९४,८८९ रहेको छ, जसमध्ये पुरूषको जनसङ्ख्या ८,२८,३०७ र महिलाको जनसङ्ख्या ८,६६,५८२ रहेको छ । सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्र कर्णाली प्रदेशका दशवटै जिल्लाहरूको विभिन्न उमेरगत जनसङ्ख्या र अपेक्षित जन्मको सङ्ख्या निम्न अनुसार तालिकामा देखाइएको छ ।

*तालिका ३ कर्णाली प्रदेशको जिल्लागत जनसाङ्ख्यिक अवस्था*

| जनसङ्ख्या | डोल्पा | मुगु | हुम्ला | जुम्ला | कालिकोट | दैलेख | जाजरकोट | रूकुम पश्चिम | सल्यान | सुर्खेत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कूल जनसङ्ख्या | ४२,९५९ | ६६,६५८ | ५५,४९६ | १,१९,३७७ | १,४४,९१७ | २,५३,३१९ | १,८९,३६५ | १,६६,३५४ | २,३८,६६८ | ४,१७,७७६ | १६,९४,८८९ |
| महिला जनसङ्ख्या | २१,६८३ | ३३,२१० | २७,५१४ | ५९,५४१ | ७२,६७४ | १,३१,६४४ | ९५,५७० | ८५,२९१ | १,२३,७१५ | २,१५,७४० | ८,६६,५८२ |
| पुरूष जनसङ्ख्या | २१,२७६ | ३३,४४८ | २७,९८२ | ५९,८३६ | ७२,२४३ | १,२१,६७५ | ९३,७९५ | ८१,०६३ | १,१४,९५३ | २,०२,०३६ | ८,२८,३०७ |
| १ बर्ष मूनिको जनसङ्ख्या | ९८८ | १,९१३ | १,४९९ | २,६८१ | ४,११९ | ५,८३१ | ४,७६२ | ३,३१९ | ४,६०९ | ७,१२७ | ३६,८४८ |
| २ बर्ष मूनिको जनसङ्ख्या | १,९४९ | ३,७९७ | २,९६५ | ५,३३५ | ८,२२८ | ११,६१२ | ९,४९८ | ६,६०३ | ९,१८८ | १४,१८२ | ७३,३५७ |
| ५ बर्ष मूनिको जनसङ्ख्या | ४,७७७ | ९,३७३ | ७,२६३ | १३,५५५ | २०,७२७ | २९,१५९ | २३,९०३ | १६,४०५ | २३,०३७ | ३५,६५९ | १,८३,८५८ |
| १५ बर्ष मूनिको जनसङ्ख्या | १३,५३३ | २५,८७६ | १९,६८१ | ४३,२१६ | ६०,३९९ | ८८,४४८ | ७१,६५२ | ४९,५९६ | ६९,४६२ | १,१५,०३१ | ५,५६,८९४ |
| कुल अपेक्षित जन्म | १,०४८ | १,८६७ | १,५०४ | २,५२३ | ३,८४७ | ५,७५६ | ४,६४० | ३,२८५ | ४,६६३ | ७,२०३ | ३६,३३६ |
| कूल अपेक्षित गर्भधारण | १,३२६ | २,३५० | १,९०२ | ३,१९५ | ४,८४७ | ७,३१३ | ५,८५५ | ४,१९६ | ५,९४३ | ९,२४२ | ४६,१६९ |
| १५ देखी ४९ बर्षको महिला जनसङ्ख्या | ११,७५१ | १६,९२९ | १४,१६५ | ३१,११४ | ३५,८२८ | ७०,०७९ | ४९,४७७ | ४८,०९७ | ७०,६८४ | १,२५,३०४ | ४,७३,४२८ |
| किशोर किशोरी (१०-१९ वर्ष) जनसङ्ख्या | ८,८३५ | १३,७६५ | १०,८७९ | २५,२९५ | ३१,५९६ | ५४,८३७ | ४२,८४३ | ३४,७५७ | ४८,७५८ | ८४,४८२ | ३,५६,०४७ |

स्रोतः रा.ज.ग. २०७८ को प्रारम्भिक नतिजा, स्वास्थ्य ब्यवस्थापन सूचना प्रणाली

## उच्च रक्तचाप विभिन्न रोगहरुको प्रमुख कारण हो

*हृदयघात*   *मष्तिस्कघात*   *मृगौला फेल हुने*   *मुटुको धमनी साँघुरो हुने*   *दृष्टिहीन हुने*

**सुझावहरु**

- रक्तचापको नियमित जाँच गराउने।
- स्वस्थ र पोषिलो खाना खाने।
- अस्वस्थ जीवनशैली परिवर्तन गर्ने।
- नियमित प्रति दिन कम्तीमा ३० मिनेट व्यायाम गर्ने।
- फलफूल तथा सागसब्जी प्रशस्त खाने।
- सूर्तीजन्य पदार्थ र मदिरा सेवन नगर्ने।
- नुनिलो, गुलियो तथा चिल्लो कम खाने र तनाव नलिने।

कर्णाली प्रदेश नेपालका ७ प्रदेशहरू मध्ये क्षेत्रफलमा सबैभन्दा ठूलो र जनसङ्ख्यामा सबैभन्दा सानो प्रदेश हो, जहाँ देशको कूल जनसङ्ख्याको करिब ६ प्रतिशत मात्र मानिसहरू बसोवास गर्दछन् । प्रदेशमा सबभन्दा बढी ४,१७,७७६ जनसङ्ख्या भएको जिल्ला सुर्खेत हो, भने सब भन्दा कम जनसङ्ख्या भएको जिल्ला डोल्पा हो जहाँ ४२,९५९ मानिसहरू अक्सर रूपमा बसोबास गर्दछन् । प्रदेशको जिल्लागत कूल जनसङ्ख्या अवस्था निम्न अनुसार चित्रमा प्रस्तुत गरिएको छ ।




*चित्र २ कर्णाली प्रदेशको जिल्लागत कुल जनसङ्ख्या वितरण*

स्रोतः स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

## प्रमुख सेवा प्रदायकहरूको अवस्था

कर्णाली प्रदेशमा स्वास्थ्य सेवा प्रदान गर्नको लागि जम्मा ८६० वटा सेवा प्रदायक स्वास्थ्य संस्थाहरू कृयाशिल छन् । प्रदेश भित्र ३४ अस्पताल, १४ प्राथमिक स्वास्थ्य केन्द्र, २७ शहरी स्वास्थ्य केन्द्र, २९६ आधारभूत स्वास्थ्य केन्द्र, १२४ सामुदायिक स्वास्थ्य एकाई, २३ आयुर्वेद औषधालय, ३१४ बर्थिङ सेण्टर, ४२६७ महिला स्वास्थ्य स्वयंसेविका, १४१३ खोप क्लिनिक र ८५२ गाउँघर क्लिनिक रहेका छन् । स्वास्थ्य सेवा प्रदायकहरूको अवस्था निम्न अनुसार बार चित्रमा देखाइएको छ ।

### सुर्तीजन्य पदार्थ र मदिरा सेवन त्यागे पछिका फाइदाहरु

- *फोक्सो, मुख र पेटमा हुने क्यान्सरहरुको जोखिम कम हुने*
- *मुटु र कलेजो स्वस्थ रहने*
- *रक्तचाप सामान्य रहने*
- *ममधुमेह र यसबाट हुने दृष्टिहानीको जोखिम कम हुने*

**सुझावहरु**

**सुर्तीजन्य पदार्थ र मदिरा सेवन गर्न छोड्ने कारणहरुको सूची बनाउने।**
**छोड्ने मिति तय गर्ने र साथीभाईहरुको सहयोग लिने।**
**आफ्नो जीवनशैली बदल्ने।**
**डाक्टरको सल्लाह लिने।**




*चित्र ३ कर्णाली प्रदेशमा रहेका स्वास्थ्य सेवा प्रदायकको सङ्ख्यात्मक विवरण*

स्रोतः स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

त्यसैगरी यस प्रदेशमा १ विश्वविद्यालय (मध्यपश्चिम विश्वविद्यालय) र अन्य जम्मा ५,९६२ सेवा प्रदायक शैक्षिक संस्थाहरू (वालविकास केन्द्रहरू सहित) रहेका छन् । प्रदेश भित्र ५६ क्याम्पस, ३०३८ सामुदायिक विद्यालय, १४९ संस्थागत विद्यालय, ६४२ माध्यमिक विद्यालय, २५४५ आधारभूत विद्यालय, २७१९ वालविकास केन्द्र र १००५४ आधारभूत तहमा शिक्षक सङ्ख्या रहेको छ । शिक्षा सेवा प्रदायकहरूको अवस्था निम्न अनुसार बार चित्रमा देखाइएको छ ।




*चित्र ४ कर्णाली प्रदेशमा रहेका शिक्षा सेवा प्रदायकहरुको सङ्ख्यात्मक विवरण*

## प्रमुख सूचकहरूको अवस्था

कर्णाली प्रदेशमा सामाजिक विकास मन्त्रालयसँग सम्बन्धित (सामाजिक क्षेत्रका) केही प्रमुख सूचकहरूको तुलनात्मक अवस्था यस प्रकार रहेको छ ।

*तालिका ४ कर्णाली प्रदेशको प्रमूख सामाजिक सूचकहरु*

| सूचक | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व.२०७८/७९ |
|---|---|---|---|
| जम्मा कार्यरत स्वास्थ्यकर्मि सङ्ख्या (स्थानीय समेत) | २,२०१ | २,६०८ | २,६०८ |
| पूर्णखोप प्राप्त गर्ने वालवालिकाको प्रतिशत | ७३.९ | ८८.६ | ८५.८ |
| कम तौल भएका २ वर्ष मूनिका वालवालिकाको प्रतिशत | ५.१ | ३.६ | ४.२ |
| जम्मा नवजात मृत्युसङ्ख्या | २०४ | २०१ | २०३ |
| जम्मा ५ वर्षमूनिको मृत्यु सङ्ख्या | १५९ | १५१ | १२३ |
| जम्मा मातृ मृत्यु सङ्ख्या | २१ | २० | १३ |
| परिवार नियोजन साधन प्रयोगदर(प्रतिशत) | ४०.५ | ४१.९ | ४०.१ |
| ४ पटक गर्भ जाँच गराउने प्रतिशत | ६५.६ | ७६.० | ७२.५ |
| सुत्केरी पश्चात प्रोटोकल अनुसार ३ पटक जाँच गराउने आमाको प्रतिशत | २९.४ | ४०.० | ५२.७ |
| संस्थागत प्रसुती प्रतिशत | ७७.५ | ८७.१ | ८२.६ |
| दक्ष प्रसुतीकर्मिबाट प्रसुती भएको प्रतिशत | ६२.६ | ६९.६ | ७०.० |
| जम्मा क्षयरोगका विरामी सङ्ख्या | १,२०३ | १,४६२ | १,५९३ |
| जम्मा कुष्ठरोगका विरामी सङ्ख्या | ९१ | ८८ | ५७ |
| जम्मा एच.आइ.भि. संक्रमित सङ्ख्या | ६०१ | ६५१ | ६८८ |
| जम्मा कोभिड १९ संक्रमित सङ्ख्या | १,७१४ | २९,२९८ | ३८,८१५ |
| बहिरंग स्वास्थ्य सेवा लिएका जनसङ्ख्या प्रतिशत | १००.८ | १०२.७ | १०४.२ |
| अस्पतालमा आकस्मिक सेवा लिएको जनसङ्ख्या प्रतिशत | ३.२ | ३.२ | ५.० |
| अस्पतालमा अन्तरंग सेवा लिएका जनसङ्ख्या प्रतिशत | २.४ | २.४ | ३.३ |
| जम्मा साक्षरता प्रतिशत | ७१.० | ७६.४ | ८२.१ |
| आधारभूत तह (१-८) मा खुद भर्नादर | ९३.२ | ९४.९ | ९६.६ |
| माध्यमिक तहमा खुद भर्नादर | ५९.४ | ६५.५ | ७२.२ |
| जम्मा विद्यार्थि सङ्ख्या कक्षा १-५ | २,६६,२३३ | २,७३,४६५ | २,८०,८७६ |
| जम्मा विद्यार्थि सङ्ख्या कक्षा ६-८ | १,३५,०७८ | १,३९,५१६ | १,४४,१०० |
| जम्मा विद्यार्थि सङ्ख्या कक्षा ९-१२ | १,०५,१२४ | १,२३,६८७ | १,४५,५२८ |
| जम्मा विद्यालय सङ्ख्या | ३,०६० | ३,०४७ | ३,०३४ |
| विद्यालय सङ्ख्या (कक्षा १ देखी ५ सम्म) | १,८९९ | १,८७७ | १,८५५ |
| विद्यालय सङ्ख्या (कक्षा ६ देखी ८ सम्म) | ५७६ | ५५२ | ५२९ |

| सूचक | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व.२०७८/७९ |
|---|---|---|---|
| विद्यालय सङ्ख्या (कक्षा ९ देखी १० सम्म) | ३६२ | ३६० | ३८५ |
| विद्यालय सङ्ख्या (कक्षा ११ देखी १२ सम्म) | २२३ | २५८ | २७८ |

स्रोतः मन्त्रालयको अभिलेख, व्यवस्थापन सूचना प्रणाली

प्रदेशमा विगत २ आ.व. को तुलनामा आ.व. २०७८/७९ मा केहि सामाजिक सूचकहरूको अवस्था कमजोर र केहि सूचकहरूको अवस्था सन्तोषजनक रहेको देखिन्छ । पूर्ण खोप प्राप्त गर्ने वालवालिकाको प्रतिशत ८५.८, परिवार नियोजन साधन प्रयोगदर ४० प्रतिशत, प्रोटोकल अनुसार चार पटक गर्भ जाँच गराउने प्रतिशत ७२.५, संस्थागत प्रसुती प्रतिशत ८२.६, दक्ष प्रसुतीकर्मिबाट प्रसुती प्रतिशत ७०, बहिरंग स्वास्थ्य सेवा लिएको जनसङ्ख्या प्रतिशत १०४.२ (अपेक्षित भन्दा बढि), उमेर ५ बर्ष माथिको जम्मा साक्षरता प्रतिशत ८२.१, आधारभूत शिक्षामा खूद भर्नादर ९६.६ प्रतिशत र माध्यमिक शिक्षा तहमा खूद भर्नादर ७२.२ प्रतिशत रहेको देखिन्छ ।




*चित्र ५ कर्णाली प्रदेशका केहि सामाजिक सूचकहरु*

स्रोतः स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली, मन्त्रालयको अभिलेख

## रोजगारीको अवस्था

आर्थिक रूपले सक्रिय र रोजगार जनसङ्ख्याको विश्लेषण गर्दा सामान्यतया उमेर १० बर्ष भन्दा माथिको जनसङ्ख्यालाइ लिने गरिन्छ । आर्थिक रूपले सकृय जनसङ्ख्या जसले निर्धारित समय भित्र ज्याला वा तलब (नगद वा अन्य) प्राप्त गर्दछ वा आर्थिक उपार्जनको काम गर्दछ त्यसलाइ रोजगार जनसङ्ख्याको रूपमा लिइन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार कर्णाली प्रदेशका जिल्लाहरूमा रहेको आर्थिक रूपले सकृय जनसङ्ख्या र रोजगार जनसङ्ख्या प्रतिशत निम्न अनुसार स्तम्भ चित्रमा देखाइएको छ । प्रदेशमा उमेर १० बर्षभन्दा माथिको आर्थिक रूपले सकृय जनसङ्ख्या ५९ प्रतिशत र रोजगार जनसङ्ख्या ५२ प्रतिशत रहेको देखिन्छ ।




*चित्र ६ आर्थिक रुपले सक्रिय जनसङ्ख्या र रोजगार जनसङ्ख्याको प्रतिशत*

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग NPHC 2011.

आर्थिक रूपले सकृय जनसङ्ख्याको अनुपात सवैभन्दा बढी डोल्पामा ७० प्रतिशत र सबभन्दा कम ५२ प्रतिशत रूकुममा देखिन्छ ।त्यसैगरी रोजगार जनसङ्ख्या बढी हुम्लामा ६६ प्रतिशत र सवभन्दा कम रूकुममा देखिन्छ ।

## विनयोजित बजेट र खर्चको अवस्था

सामाजिक विकास मन्त्रालय र अन्तर्गतको आ.व. २०७८/७९ को लागि विनियोजित बजेट र खर्चको तुलनात्मक अवस्था निम्न अनुसार रहेको छ ।

### (क) चालु, पूँजीगत बजेट र खर्च

आ.व. २०७८/७९ मा सामाजिक विकास मन्त्रालय र अन्तर्गतको लागि शुरूमा चालुतर्फ ३ अरब ६४ करोड ३४ लाख २४ हजार र पूँजीगत तर्फ २ अरब १८ करोड ८७ लाख १४ हजार गरी जम्मा ५ अरब ८३ करोड २१ लाख ३८ हजार बजेट विनियोजन गरिएको थियो । पछी चालु तर्फ बजेट घटी खुद चालु बजेट ३ अरब ५५ करोड ५४ लाख ७३ हजार (कूल बजेटको ५५.३ प्रतिशत) एवं पूँजीगत तर्फ बजेट

बढी खुद पूँजीगत बजेट २ अरब ८७ करोड ५२ लाख ११ हजार (कूल बजेटको ४४.७ प्रतिशत) कायम हुन पुगेको थियो । यसरी आ.व. २०७८/७९ को मन्त्रालयको खुद बजेट ६ अरब ४३ करोड ६ लाख ८४ हजार कायम हुन गएको थियो । कूल विनियोजित बजेटमध्ये प्रदेश तर्फ ४ अरब ३८ करोड १४ लाख २७ हजार (६८.१ प्रतिशत) र सशर्त तर्फ २ अरब ४ करोड ९२ लाख ५७ हजार (३१.९ प्रतिशत) रहेको थियो । मन्त्रालय र अन्तर्गतको चालु तथा पूँजीगत बजेट र खर्चको संक्षिप्त अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ५ मन्त्रालयको विनियोजित बजेट तथा खर्चको अवस्था (रू. हजारमा)*

| बजेट प्रकार | बजेट | | | बजेट खर्च | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | शुरू बजेट | खुद बजेट | प्रतिशत | | शुरु बजेटमा | खुद बजेटमा |
| चालु | ३,६४,३४,२४ | ३,५५,५४,७३ | ५५.३ | २,४८,३२,१२ | ६८.२ | ६९.८ |
| पूँजीगत | २,१८,८७,१४ | २,८७,५२,११ | ४४.७ | २,२३,१६,१७ | १०२.० | ७७.६ |
| **जम्मा** | **५,८३,२१,३८** | **६,४३,०६,८४** | **१००.०** | **४,७१,४८,२९** | **८०.८** | **७३.३** |

स्रोतः PLMBIS, TSA

सामाजिक विकास मन्त्रालय र अन्तर्गतको आ.व. २०७८/७९ को कूल खर्च ४ अरब ७१ करोड ४८ लाख २९ हजार रहेको छ जुन शुरू बजेटको ८०.८ प्रतिशत र खुद बजेटको ७३.३ प्रतिशत हुन आउंछ । खुद बजेटमा चालु तर्फको ३ अरब ५५ करोड ५४ लाख ७३ हजारमध्ये २ अरब ४८ करोड ३२ लाख १२ हजार (६९.८ प्रतिशत) खर्च भएको छ भने पूँजीगत तर्फको २ अरब ८७ करोड ५२ लाख ११ हजारमध्ये २ अरब २३ करोड १६ लाख १७ हजार (७७.६ प्रतिशत) खर्च भएको छ ।







*चित्र ७ बजेट खर्चको अवस्था (रू. हजारमा)*

स्रोतः PLMBIS/TSA

सामाजिक विकास मन्त्रालय अन्तर्गतका बजेट उपशिर्षक अनुसार खुद बजेट, शुरूमा विनियोजित बजेट, खुद कायम भएको बजेट र खर्च बजेट बजेटको अवस्था निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ६ बजेट उपशिर्षक अनुसार विनियोजित बजेट तथा खर्चको अवस्था (क)*

| बजेट उपशिर्षक | चालु | | | पूंजिगत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | खर्च % | बजेट | खर्च | खर्च % | बजेट | खर्च | खर्च % |
| सामाजिक विकास मन्त्रालय | २,३५,३६३ | १,३०,३६५ | ५५.३९ | ४,९३,७३८ | ४,१४,६८७ | ८३.९९ | ७,२९,१०१ | ५,४५,०५२ | ७४.८ |
| प्रदेश जनस्वास्थ्य प्रयोगशाला | २३,७५६ | १५,६७१ | ६५.९७ | ९७,६५७ | ९७,६४० | ९९.९८ | १,२१,४१३ | १,१३,३११ | ९३.३ |
| शिक्षा विकास निर्देशनालय | ८८,०२४ | ५५,५२० | ६३.०७ | १,१८,३७५ | १,०३,२७९ | ८७.२५ | २,०६,३९९ | १,५८,७९९ | ७६.९ |
| सामाजिक विकास कार्यालयहरु | २,०२,७७० | १,५४,८३१ | ७६.३६ | ४,८१,९४५ | ४,२७,४८८ | ८८.७० | ६,८४,७१५ | ५,८२,३१९ | ८५.० |
| स्वास्थ्य सेवा निर्देशनालय | ७४,०४१ | ४७,१४४ | ६३.६७ | ९,९७५ | ५,३८८ | ५४.०२ | ८४,०१६ | ५२,५३२ | ६२.५ |
| अस्पतालहरु | ३,१०,६२९ | २,४४,९०२ | ७८.८४ | २,८१,४५० | २,५०,३३८ | ८८.९५ | ५,९२,०७९ | ४,९५,२४० | ८३.६ |
| स्वास्थ्य सेवा कार्यालयहरु | ६,५५,७७९ | ४,६०,८१९ | ७०.२७ | ६,१५,३२७ | २,९१,०२८ | ४७.३० | १२,७१,१०६ | ७,५१,८४७ | ५९.१ |
| आयुर्वेद औषधालयहरु | १,८६,०७७ | १,४४,७८५ | ७७.८१ | ३८,६४४ | ३१,९६४ | ८२.७१ | २,२४,७२१ | १,७६,७४९ | ७८.७ |
| कोभिड-१९ महामारी नियन्त्रण कार्यक्रम | २,६३,७४४ | १,७०,०५७ | ६४.४८ | १,२३,२९७ | १,०७,८०३ | ८७.४३ | ३,८७,०४१ | २,७७,८६० | ७१.८ |
| मानव संशाधन विकास केन्द्र | ४१,९९६ | ३०,७८६ | ७३.३१ | ८,००० | ३,४०७ | ४२.५९ | ४९,९९६ | ३४,१९३ | ६८.४ |
| प्रदेश संग्रहालय तथा अभिलेखालय | १९,९८० | १२,९७३ | ६४.९३ | १०,८६० | ४,७२१ | ४३.४७ | ३०,८४० | १७,६९४ | ५७.४ |
| राष्ट्रिय युवा परिचालन कार्यक्रम(संघ शसर्त अनुदान) | ५२,७०० | ४,४५६ | ८.४६ | - | ० | ०.०० | ५२,७०० | ४,४५६ | ८.५ |
| राष्ट्रिय खेलकुद परिषद्(संघ शसर्त अनुदान) | ६,००० | ५,५०० | ९१.६७ | ९,५०० | ५,८४४ | ६१.५२ | १५,५०० | ११,३४४ | ७३.२ |
| राष्ट्रिय युवा परिषद(संघ शसर्त अनुदान) | २,१०० | १,२५० | ५९.५२ | - | ० | ०.०० | २,१०० | १,२५० | ५९.५ |
| सबैका लागि शिक्षा- शिशु विकास कार्यक्रम(संघ शसर्त अनुदान) | ४,८०० | २,८७५ | ५९.९० | - | ० | ०.०० | ४,८०० | २,८७५ | ५९.९ |
| विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्ला स्तर(संघ शसर्त अनुदान) | ७४,२०० | ४९,४२९ | ६६.६२ | १०,००० | १,१३७ | ११.३७ | ८४,२०० | ५०,५६६ | ६०.१ |
| राष्ट्रिय परीक्षा बोर्ड(संघ शसर्त अनुदान) | २०,९०० | १७,६३८ | ८४.३९ | ७०० | ६९५ | ९९.२९ | २१,६०० | १८,३३३ | ८४.९ |

| बजेट उपशिर्षक | चालु | | | पूंजिगत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | खर्च % | बजेट | खर्च | खर्च % | बजेट | खर्च | खर्च % |
| प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)(संघ शसर्त अनुदान) | ३,३१,४४० | २,२२,०७३ | ६७.०० | ७३,३६० | ५९,६५० | ८१.३१ | ४,०४,८०० | २,८१,७२३ | ६९.६ |
| क्षयरोग नियन्त्रण(संघ शसर्त अनुदान) | १९,१०० | १३,१४२ | ६८.८१ | - | ० | ०.०० | १९,१०० | १३,१४२ | ६८.८ |
| एड्स तथा यौन रोग नियन्त्रण(संघ शसर्त अनुदान) | १२,८०० | ५,५७३ | ४३.५४ | - | ० | ०.०० | १२,८०० | ५,५७३ | ४३.५ |
| एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम(संघ शसर्त अनुदान) | ६,१२,३४३ | ४,६७,२६० | ७६.३१ | ४,००० | ० | ०.०० | ६,१६,३४३ | ४,६७,२६० | ७५.८ |
| महामारी तथा रोग नियन्त्रण कार्यक्रम(संघ शसर्त अनुदान) | ७८,२३१ | ५५,३९९ | ७०.८१ | १,४३,३८३ | १,३४,६५१ | ९३.९१ | २,२१,६१४ | १,९०,०५० | ८५.८ |
| स्वास्थ्य व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ७४,७०० | ४९,२२३ | ६५.८९ | ३,५५,००० | २,९१,८९७ | ८२.२२ | ४,२९,७०० | ३,४१,१२० | ७९.४ |
| राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र(संघ शसर्त अनुदान) | ७,५०० | ४,६३७ | ६१.८३ | - | ० | ०.०० | ७,५०० | ४,६३७ | ६१.८ |
| राष्ट्रिय तालिम कार्यक्रम(संघ शसर्त अनुदान) | ५,७०० | ३,१९९ | ५६.१२ | - | ० | ०.०० | ५,७०० | ३,१९९ | ५६.१ |
| उपचारात्मक सेवा कार्यक्रम(संघ शसर्त अनुदान) | ३९,७०० | २१,९३५ | ५५.२५ | - | ० | ०.०० | ३९,७०० | २१,९३५ | ५५.३ |
| नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कर्यिक्रम(संघ शसर्त अनुदान) | ५३,३०० | ४०,२९८ | ७५.६१ | - | ० | ०.०० | ५३,३०० | ४०,२९८ | ७५.६ |
| आयुर्वेद सेवा कार्यक्रम(संघ शसर्त अनुदान) | ५७,८०० | ५१,४७२ | ८९.०५ | - | ० | ०.०० | ५७,८०० | ५१,४७२ | ८९.१ |
| **जम्मा** | **३५,५५,४७३** | **२४,८३,२१२** | **६९.८४** | **२८,७५,२११** | **२२,३१,६१७** | **७७.६२** | **६४,३०,६८४** | **४७,१४,८२९** | **७३.३** |

स्रोतः PLMBIS, Reports

बजेट उपशिर्षकगत खर्चको अवस्था हेर्दा सबभन्दा बढी प्रदेश जनस्वास्थ्य प्रयोगशाला तर्फ खुद विनियोजित बजेटको ९३.३ प्रतिशत र सबभन्दा कम राष्ट्रिय युवा परिचालन कार्यक्रम (संघ शसर्त अनुदान) ८.५ प्रतिशत मात्र देखिन्छ । बढी खर्च प्रगति भएका बजेट उपशिर्षकहरूमा क्रमशः प्रदेश जनस्वास्थ्य प्रयोगशाला, आयुर्वेद सेवा कार्यक्रम (संघ शसर्त अनुदान) र महामारी तथा रोग नियन्त्रण कार्यक्रम (संघ शसर्त अनुदान) रहेका छन् भने तुलनात्मक रूपमा कम खर्च गर्ने उपशिर्षकहरूमा राष्ट्रिय युवा परिचालन कार्यक्रम(संघ शसर्त अनुदान), एड्स तथा यौन रोग नियन्त्रण(संघ शसर्त अनुदान) र उपचारात्मक सेवा कार्यक्रम(संघ शसर्त अनुदान) रहेका छन्।

*तालिका ७ बजेट उपशिर्षक अनुसार विनियोजित बजेट तथा खर्चको अवस्था (रू हजारमा) (ख)*

| बजेट उपशिर्षक | शुरू बजेट | खुद बजेट | खर्च बजेट | खर्च % |
|---|---|---|---|---|
| प्रदेश जनस्वास्थ्य प्रयोगशाला | ३३५५६ | १२१४१३ | ११३३११ | ९३.३ |
| आयुर्वेद सेवा कार्यक्रम(संघ शसर्त अनुदान) | ५७८०० | ५७८०० | ५१४७२ | ८९.१ |
| महामारी तथा रोग नियन्त्रण कार्यक्रम(संघ शसर्त अनुदान) | ५२५०० | २२१६१४ | १९००५० | ८५.८ |
| सामाजिक विकास कार्यालयहरु | ६९०४८५ | ६८४७१५ | ५८२३१९ | ८५.० |
| राष्ट्रिय परीक्षा बोर्ड(संघ शसर्त अनुदान) | २०९०० | २१६०० | १८३३३ | ८४.९ |
| अस्पतालहरु | ४८७३०७ | ५९२०७९ | ४९५२४० | ८३.६ |
| स्वास्थ्य ब्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ७४७०० | ४२९७०० | ३४११२० | ७९.४ |
| आयुर्वेद औषधालयहरु | २२३६५९ | २२४७२१ | १७६७४९ | ७८.७ |
| शिक्षा विकास निर्देशनालय | ३३४९४९ | २०६३९९ | १५८७९९ | ७६.९ |
| एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम(संघ शसर्त अनुदान) | ५३०२०० | ६१६३४३ | ४६७२६० | ७५.८ |
| नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कर्यिक्रम(संघ शसर्त अनुदान) | ५३३०० | ५३३०० | ४०२९८ | ७५.६ |
| सामाजिक विकास मन्त्रालय | ६५४४५१ | ७२९१०१ | ५४५०५२ | ७४.८ |
| राष्ट्रिय खेलकुद परिषद्(संघ शसर्त अनुदान) | ६००० | १५५०० | ११३४४ | ७३.२ |
| कोभिड-१९ महामारी नियन्त्रण कार्यक्रम | ५३९८६४ | ३८७०४१ | २७७८६० | ७१.८ |
| स्वास्थ्य सेवा कार्यालयहरु | ६३४४८१ | ६५५७७९ | ४६०८१९ | ७०.३ |
| प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)(संघ शसर्त अनुदान) | ४०४८०० | ४०४८०० | २८१७२३ | ६९.६ |
| क्षयरोग नियन्त्रण(संघ शसर्त अनुदान) | १९१०० | १९१०० | १३१४२ | ६८.८ |
| मानव संशाधन विकास केन्द्र | ४९०९६ | ४९९९६ | ३४१९३ | ६८.४ |
| स्वास्थ्य सेवा निर्देशनालय | ८५३१६ | ८४०१६ | ५२५३२ | ६२.५ |
| राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र(संघ शसर्त अनुदान) | ७५०० | ७५०० | ४६३७ | ६१.८ |

| बजेट उपशिर्षक | शुरू बजेट | खुद बजेट | खर्च बजेट | खर्च % |
|---|---|---|---|---|
| विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्ला स्तर(संघ शसर्त अनुदान) | ८४२०० | ८४२०० | ५०५६६ | ६०.१ |
| सबैका लागि शिक्षा- शिशु विकास कार्यक्रम(संघ शसर्त अनुदान) | ४८०० | ४८०० | २८७५ | ५९.९ |
| राष्ट्रिय युवा परिषद्(संघ शसर्त अनुदान) | २१०० | २१०० | १२५० | ५९.५ |
| प्रदेश संग्रहालय तथा अभिलेखालय | ३१७४० | ३०८४० | १७६९४ | ५७.४ |
| राष्ट्रिय तालिम कार्यक्रम(संघ शसर्त अनुदान) | ५७०० | ५७०० | ३१९९ | ५६.१ |
| उपचारात्मक सेवा कार्यक्रम(संघ शसर्त अनुदान) | ३९७०० | ३९७०० | २१९३५ | ५५.३ |
| स्वास्थ्य सेवा कार्यालयहरु | ६४२९३४ | ६१५३२७ | २९१०२८ | ४७.३ |
| एड्स तथा यौन रोग नियन्त्रण(संघ शसर्त अनुदान) | १२८०० | १२८०० | ५५७३ | ४३.५ |
| राष्ट्रिय युवा परिचालन कार्यक्रम(संघ शसर्त अनुदान) | ४८२०० | ५२७०० | ४४५६ | ८.५ |
| **कुल जम्मा** | **५८३२१३८** | **६४३०६८४** | **४७१४८२९** | **७३.३** |

सारांशमा बजेट उपशिर्षक अनुसार खर्च प्रतिशत निम्न अनुसार स्तम्भ चित्रमा देखाइएको छ ।




*चित्र ८ बजेट उपशिर्षक अनुसार वित्तीय प्रगति (प्रतिशत)*

स्रोतः PLMBIS

### (ख) खर्च शिर्षक अनुसार बजेट र खर्च

सामाजिक विकास मन्त्रालय र अन्तर्गतको आ.व.२०७८/७९ को खर्च शिर्षक अनुसार शुरू विनियोजित बजेट, खुद विनियोजित बजेट, बजेट खर्च र खुद बजेटमध्ये खर्च प्रतिशतको अवस्था यस प्रकार तालिकामा देखाइएको छ ।

*तालिका ८ खर्च शिर्षक अनुसार विनियोजित तथा खर्च बजेटको अवस्था*

| खर्च शिर्षक | शुरु बजेट | खुद बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|
| पारिश्रमिक कर्मचारी | ६७८४३८ | ६८०६१८ | ४३६९९१ | ६४.२१ |
| पोसाक | १३०८० | १३३६० | ९७७६ | ७३.१७ |
| औषधी उपचार खर्च | ३५० | ३५० | ४९ | १४.०० |
| स्थानीय भत्ता | ५९१०० | ५९६११ | ३४४६५ | ५७.८२ |
| महँगी भत्ता | २९५५६ | २९८५६ | १५४०६ | ५१.६० |
| कर्मचारीको बैठक भत्ता | ११९० | ११९० | ६६४ | ५५.८० |
| कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १३४५९० | १३५०७० | ७२८७९ | ५३.९६ |
| अन्य भत्ता | ३६५४८ | ४५३४८ | ३८१३० | ८४.०८ |
| पदाधिकारी अन्य भत्ता | ३१०० | ३१०० | १०३० | ३३.२३ |
| योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ३०० | ३०० | ० | ० |
| योगदानमा आधारित बीमा कोष खर्च | ३९४ | ३९४ | २६० | ६५.९९ |
| पानी तथा बिजुली | १७६५२ | २४८०२ | १९५०० | ७८.६२ |
| सञ्चार महसुल | ९८६२ | १०३६२ | ७९७० | ७६.९२ |
| इन्धन (पदाधिकारी) | २१९ | २१९ | २२० | १००.४६ |
| इन्धन (कार्यालय प्रयोजन) | ११८७७ | ११९१४ | ११३२२ | ९५.०३ |
| सवारी साधन मर्मत खर्च | १०९८६ | १४३८६ | १३४५८ | ९३.५५ |
| बिमा तथा नवीकरण खर्च | २४२१ | २४२१ | १०८५ | ४४.८२ |
| मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४९३६ | १४६३३ | १४२४९ | ९७.३८ |
| निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २२८० | १९८० | १९०८ | ९६.३६ |
| अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ११४९ | ११४९ | १०५६ | ९१.९१ |
| मसलन्द तथा कार्यालय सामाग्री | १८९६८ | १९१५७ | १८९९६ | ९९.१६ |
| पशुपंक्षीहरूको आहार | ७२० | ७२० | ५३० | ७३.६१ |
| पुस्तक तथा सामग्री खर्च | १४५० | १४५० | १४१९ | ९७.८६ |
| इन्धन - अन्य प्रयोजन | २४५६ | २७५६ | २२९२ | ८३.१६ |
| पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ११६२९ | ११६२९ | ९६५१ | ८२.९९ |
| अन्य कार्यालय संचालन खर्च | ५७३९ | ५३७९ | ५१८१ | ९६.३२ |
| सेवा र परामर्श खर्च | ५३५७ | ५२३० | ४९३३ | ९४.३२ |
| सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ८०० | ८०० | ६३२ | ७९.०० |
| करार सेवा शुल्क | ७५७४५ | ९३७९४ | ७९२०६ | ८४.४५ |
| अन्य सेवा शुल्क | ४९३३८ | ४८८५८ | ७६६ | १.५७ |
| कर्मचारी तालिम खर्च | ६४७९२ | ६४७९२ | ३८९७३ | ६०.१५ |
| सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ७५८७९ | ७५८७९ | ४४६६६ | ५८.८६ |
| उत्पादन सामग्री / सेवा खर्च | ४२१५० | ३७१५० | २४४८९ | ६५.९२ |

| खर्च शिर्षक | शुरु बजेट | खुद बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|
| कार्यक्रम खर्च | २०४३६९७ | १८९५३३८ | १३६२६१४ | ७१.८९ |
| विविध कार्यक्रम खर्च | ७५० | ७५० | ४२६ | ५६.८० |
| अनुगमन, मूल्यांकन खरच | १४४७१ | १४४९६ | १३२१५ | ९१.१६ |
| भ्रमण खर्च | २७२८७ | २७५८७ | ११४७० | ४१.५८ |
| विविध खर्च | ९९०१ | ९९०१ | ९७६५ | ९८.६३ |
| सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सःसर्त चालु अनुदान | ६०० | ६०० | ५०० | ८३.३३ |
| सामाजिक सुरक्षा | २२९२० | २६७३९ | १७६२४ | ६५.९१ |
| छात्रवृत्ति | ५४९२० | ५४९२० | ४४३९० | ८०.८३ |
| औषधी खरिद खर्च | ७९०१८ | ८८३९३ | ७९६५७ | ९०.१२ |
| घर भाडा | १४९९४ | १६११२ | १२१३६ | ७५.३२ |
| सवारी साधन तथा मेशिनर औजार भाडा | १८१५ | १९८० | १९०२ | ९६.०६ |
| गैर आवासीय भवन निर्माण/खरिद | १२९८८४० | १२३८१८३ | ७८६४४४ | ६३.५२ |
| सवारी साधन | ५१४३० | ५७८३० | ५१९३४ | ८९.८० |
| मेशिनरी तथा औजार | २५३९९२ | ८८८४१५ | ७९८२६६ | ८९.८५ |
| फर्निचर तथा फिक्चर्स | ३२३९३ | ५२७२४ | ४७३७२ | ८९.८५ |
| कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ३०० | ३०० | २८३ | ९४.३३ |
| खानेपानी संरचना निर्माण | ३०५० | ३०५० | ३०१६ | ९८.८९ |
| सरसफाई संरचना निर्माण | ४०० | ४०० | ४०० | १००.० |
| अन्य सार्वजनिक निर्माण | ५२८८०० | ५७७१०० | ४९७९२३ | ८६.२८ |
| निर्मित भवनको संरचनात्मक सुधार खर्च | १३३१० | ४८५१० | ३८५९४ | ७९.५६ |
| पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ४६९९ | ४६९९ | ४५६५ | ९७.१५ |
| पूँजीगत अनुसन्धान तथा परामर्श | ० | ४००० | २५९५ | ६४.८८ |

स्रोतः PLMBIS

### (ग) कार्य क्षेत्रगत बजेट र खर्च

मन्त्रालयका प्रमुख विषयगत कार्यक्षेत्रहरू स्वास्थ्य, शिक्षा, सामाजिक, युवा तथा खेलकूद, कोभिड-१९ महामारी नियन्त्रण, योजना प्रशासन तथा श्रम रोजगार एवं भाषा धर्म संस्कृति तथा पुरातत्व अन्तर्गत विनियोजित बजेट र खर्चको अवस्था निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ९ विषयगत कार्यक्षेत्र अनुसार विनियोजित तथा खर्च बजेटको अवस्था*

| क्षेत्र | चालु | | पूंजिगत | | जम्मा | | खर्च बजेट | |
|---|---|---|---|---|---|---|---|---|
| | बजेट | प्रतिशत | बजेट | प्रतिशत | बजेट | प्रतिशत | रकम | प्रतिशत |
| स्वास्थ्य | २३५२९९७ | ६६.२ | १८१०३१७ | ६३.० | ४१६३३१४ | ६४.७ | ३०३०९२० | ७२.८ |
| शिक्षा | ५९२६५० | १६.७ | ३२४१३२ | ११.३ | ९१६७८२ | १४.३ | ६५६७८६ | ७१.६ |
| सामाजिक विकास | २३१०१४ | ६.५ | ५४११९४ | १८.८ | ७७२२०७ | १२.० | ६४७७२५ | ८३.९ |
| युवा तथा खेलकूद | ८१९८३ | २.३१ | ५३९३६ | १.९ | १३५९१९ | २.१ | ६६१०५ | ४८.६ |

| क्षेत्र | चालु | | पूंजिगत | | जम्मा | | खर्च बजेट | |
|---|---|---|---|---|---|---|---|---|
| | बजेट | प्रतिशत | बजेट | प्रतिशत | बजेट | प्रतिशत | रकम | प्रतिशत |
| कोभिड-१९ महामारी नियन्त्रण | २६३७४४ | ७.४२ | १२३२९७ | ४.३ | ३८७०४१ | ६.० | २७७८६० | ७१.८ |
| योजना, प्रशासन, श्रम रोजगार | १३१०६ | ०.३७ | ११४७५ | ०.४ | २४५८१ | ०.४ | १७७४० | ७२.२ |
| भाषा, धर्म, संस्कृति | १९९८० | ०.५६ | १०८६० | ०.४ | ३०८४० | ०.५ | १७६९४ | ५७.४ |
| कुल जम्मा | ३५५५४७३ | १०० | २८७५२११ | १०० | ६४३०६८४ | १०० | ४७१४८२९ | ७३.३ |

स्रोतः PLMBIS

आ.व. २०७८/७९ मा यस मन्त्रालय र अन्तर्गतको बजेट विनियोजनलाई हेर्दा सवैभन्दा बढी स्वास्थ्य क्षेत्रमा ६४.७ प्रतिशत र सबभन्दा कम योजना, प्रशासन तथा श्रम रोजगारमा ०.४ प्रतिशत गरिएको थियो। शिक्षा, सामाजिक, युवा तथा खेलकूद र भाषा, धर्म र संस्कृति, र कोभिड १९ महामारी नियन्त्रण क्षेत्रहरूमा क्रमशः करिव १४.३, १२.०, २.१ , ०.५, र ६.० प्रतिशत बजेट छुट्याइएको थियो ।विनियोजित बजेटको तुलनामा खर्च बजेटको अंश हेर्दा विनियोजित खुद बजेटमध्ये सवैभन्दा बढी समाजिक विकास क्षेत्रमा ८३.९ प्रतिशत र सवैभन्दा कम युवा तथा खेलकुद क्षेत्रमा करिव ४८.६ प्रतिशत खर्च भएको देखिन्छ ।त्यसैगरि, स्वास्थ्य, शिक्षा, कोभिड १९ महामारी नियन्त्रण, योजना प्रशासन श्रम तथा रोजगार र भाषा, धर्म संस्कृति क्षेत्रहरुको बजेट खर्च प्रतिशत क्रमशः ७२.८, ७१.६, ७१.८, ७२.२ र ५७.४ प्रतिशत रहेको छ ।यसलाइ निम्नानुसार चित्रहरूमा पनि देखाइएको छ ।







*चित्र ९ विषयगत कार्यक्षेत्र अनुसार विनियोजित बजेट र खर्चको अवस्था*

स्रोतः PLMBIS

### (घ) कार्यालयगत बजेट र खर्च

सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश अन्तर्गतका खर्च केन्द्र (कार्यालय)हरूको चालु तर्फको आ.व. २०७८/७९ को विनियोजित बजेटमध्ये भएको खर्च (वित्तीय प्रगति) अवस्था तलको तालिका र स्तम्भ चित्रमा देखाइएको छ ।

*तालिका १० कार्यालयगत कुल बजेट र खर्चको अवस्था*

| कार्यालय | बजेट | खर्च | खर्च% |
|---|---|---|---|
| कर्णाली प्राविधिक शिक्षालय,चन्दननाथ | ८०,२५५ | ६२,१२२ | ७७.४ |
| जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | ७४,२९४ | ५२,८४८ | ७१.१ |
| जनस्वास्थ्य सेवा कार्यालय, वीरेन्द्रनगर | १,२१,९२१ | १,०२,५४३ | ८४.१ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, कालिकोट | २६,३०० | २२,४९९ | ८५.५ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, जाजरकोट | २६,५०० | १९,२६७ | ७२.७ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, डोल्पा | २१,४३२ | १६,२९७ | ७६.० |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, दैलेख | ३०,७३९ | २१,३९१ | ६९.६ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | २४,१९३ | २०,९८८ | ८६.८ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, रुकुम | २२,२५९ | १५,३४३ | ६८.९ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान । | २८,९७१ | २५,३६३ | ८७.५ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, हुम्ला | २४,२८५ | २०,१२५ | ८२.९ |
| जुम्ला आयुर्वेद औषधालय, जुम्ला | २६,१७३ | १७,६६७ | ६७.५ |
| प्रदेश अस्पताल, वीरेन्द्रनगर | १०,५५,८७२ | ८,९०,१०० | ८४.३ |
| प्रदेश आयुर्वेद औषधालय, वीरेन्द्रनगर | ६१,०३५ | ५५,४२५ | ९०.८ |
| प्रदेश खेलकुद परिषद् | ३,९२,२१० | ३,४३,९९६ | ८७.७ |
| प्रदेश जनस्वास्थ्य प्रयोगशाला | १,७४,१९१ | १,५३,४५१ | ८८.१ |
| प्रदेश संग्रहालय तथा अभिलेखालय, वीरेन्द्रनगर | ३०,८४० | १७,६९७ | ५७.४ |
| प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् | २,०४,०१७ | १,३१,३७६ | ६४.४ |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, बहुप्राविधिक शिक्षालय, काफलचौर जाजरकोट | ७४,७४३ | ५२,३२१ | ७०.० |
| मानव संशोधन विकास केन्द्र, वीरेन्द्रनगर | १,५५,९२३ | ८१,५२६ | ५२.३ |
| मेहेलकुना अस्पताल, गुर्भाकोट | १,१७,७०८ | ९७,८७८ | ८३.२ |
| शहिद नेत्र लाल अभागी प्राविधिक शिक्षालय, सल्यान | १९,८६० | १४,९५६ | ७५.३ |
| शहिद यज्ञश्वर स्मृति पोलिटेक्निक इन्स्टिच्युट,चौरजहारी | २५,९२५ | १८,९४० | ७३.१ |
| शिक्षा विकास निर्देशनालय | ४,५०,४६९ | १,८२,६३१ | ४०.५ |
| सामाजिक विकास कार्यालय, रूकुम-पश्चिम | ७०,८३५ | ५७,६५३ | ८१.४ |
| सामाजिक विकास कार्यालय, सल्यान | ९९,०२१ | ७८,००० | ७८.८ |
| सामाजिक विकास कार्यालय, डोल्पा | ८०,३५८ | ६६,६२३ | ८२.९ |
| सामाजिक विकास कार्यालय, मुगु | ६१,३६६ | ४५,५०८ | ७४.२ |
| सामाजिक विकास कार्यालय, हुम्ला | ७९,६८४ | ६८,७३६ | ८६.३ |
| सामाजिक विकास कार्यालय, जुम्ला | ८७,५६७ | ६९,६१९ | ७९.५ |
| सामाजिक विकास कार्यालय, कालिकोट | ९२,३७० | ८०,३१४ | ८६.९ |
| सामाजिक विकास कार्यालय, दैलेख | १,१०,६५५ | ८२,२२८ | ७४.३ |
| सामाजिक विकास कार्यालय, जाजरकोट | ८१,३०६ | ६०,५२६ | ७४.४ |
| सामाजिक विकास मन्त्रालय | ३,०९,२०१ | १,२०,३४८ | ३८.९ |
| स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | १,५५,६७७ | १,०५,४३२ | ६७.७ |
| स्वास्थ्य सेवा कार्यालय, कालिकोट | १,९८,८९२ | १,५४,१९२ | ७७.५ |
| स्वास्थ्य सेवा कार्यालय, डोल्पा | २,५२,५७९ | १,९९,४०० | ७८.९ |

| कार्यालय | बजेट | खर्च | खर्च% |
|---|---|---|---|
| स्वास्थ्य सेवा कार्यालय, दैलेख | ३,२१,५५६ | १,८५,७४२ | ५७.८ |
| स्वास्थ्य सेवा कार्यालय, मुगु | १,३५,१११ | ९४,७९१ | ७०.२ |
| स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम | २,६०,५१४ | १,८८,४६० | ७२.३ |
| स्वास्थ्य सेवा कार्यालय, सल्यान । | २,४४,३९९ | १,३२,९८६ | ५४.४ |
| स्वास्थ्य सेवा कार्यालय, हुम्ला | २,३३,३६२ | १,०५,८९६ | ४५.४ |
| स्वास्थ्य सेवा निर्देशनालय, वीरेन्द्रनगर | ३,६०,५१५ | २,३६,४९० | ६५.६ |

स्रोतः PLMBIS






*चित्र १० कार्यालयगत चालू खर्च (प्रतिशत)*

स्रोतः PLMBIS

कार्यालयगत कुल बजेटमा खर्च प्रगति हेर्दा सबै भन्दा बढी प्रदेश आयुर्वेद औषधालय सुर्खेतको करिव ९१ प्रतिशत देखिन्छ भने सबैभन्दा कम सामाजिक विकास मन्त्रालयको करिब ३९ प्रतिशत मात्र देखिन्छ । जन/स्वास्थ्य सेवा कार्यालयहरू तर्फ सबै भन्दा बढि जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतको ८४ प्रतिशत देखिन्छ भने सबैभन्दा कम स्वास्थ्य सेवा कार्यालय हुम्लाको ४५ प्रतिशत रहेको छ । त्यसैगरी सामाजिक विकास कार्यालयहरू तर्फ सबै भन्दा बढी सामाजिक सेवा कार्यालय कालिकोटको करिब ८७ प्रतिशत छ भने सबैभन्दा कम मुगुको ७४ प्रतिशत प्रगति रहेको छ ।

## कोभिड १९ नियन्त्रण तथा प्रतिकार्य : मुख्य कृयाकलाप, बजेट र खर्च

### (क) कोभिड १९ व्यवस्थापनको सन्दर्भमा सम्पादन भएका मुख्य कामहरू

आ.व २०७८/७९ मा पनि नोबेल कोरोना भाइरस (कोभिड-१९) को जोखिमको अवस्थालाइ मध्यनजर राख्दै कर्णाली प्रदेशमा पनि रोकथाम, नियन्त्रण र उपचारका पर्याप्त गतिविधिहरू सञ्चालन गरीएको थियो । संघीय बिपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन र कर्णाली प्रदेश बिपद् न्यूनिकरण एवं व्यवस्थापन नियमावली २०७६ अनुसार यसको प्रतिकार्य नियन्त्रण र उपचारको लागि आवश्यक व्यवस्थापन गर्ने सन्दर्भमा प्रदेश सरकारको सक्रियतामा प्रारम्भिक अवस्था देखी सरोकारवालाहरू र स्थानीय तहहरूको समन्वयमा समुदाय स्तरसम्म नियन्त्रण तथा प्रतिकार्यका लागि विभिन्न पहलहरू भएका थिए । कोभिड-१९ व्यवस्थापनको लागि सम्पादन भएका प्रमुख गतिविधिहरू यस प्रकार रहेका छन्-

- बजेट व्यवस्थापनः कोभिड-१९ महामारीको प्रतिकार्य व्यवस्थापनका लागि मन्त्रालय तथा मातहत कार्यालयहरूलाई रु. ३७ करोड ७३ लाख ४१ हजार र कोभिड-१९ प्रतिकार्य तथा स्वास्थ्य सेवा सुदृढीकरणका लागि विभिन्न स्थानीय तहहरुलाई रु. ९७ लाख सहित कुल ३८ करोड ७० लाख ४१ हजार बजेट उपलब्ध गराइएको ।
- पूर्वाधार : कोभिड १९ उपचारको लागि पूर्वाधारको रूपमा यस प्रदेश अन्तर्गतका सुर्खेत र जुम्ला जिल्लामा १/१ वटा कोभिड हव अस्पताल रहेका छन् । प्रदेशभरिका अस्पतालहरूमा कुल ५८१ वटा र स्थानीय तह तथा समुदायमा १२२१ गरि कुल १८०२ आइसोलेसन बेडहरू रहेका छन् । त्यसैगरी ४१ वटा ICU (३३ वटा मात्र सञ्चालनमा रहेका), १३६ HDU, ४० Ventilators र सानो र ठुलो गरि कुल १५ वटा Oxygen plant सञ्चालनमा रहेका छन् । साथै प्रदेश प्रेषण केन्द्रको स्थापना गरिएको र जिल्ला तथा पालिकाहरुमा एम्बुलेन्स तथा शबबाहनको व्यवस्था पनि गरिएको ।
- स्थानीय तहका रणनीतिक स्थानहरुमा चिकित्सकसहित स्वास्थ्यकर्मीको परिचालन गरिएको,
- कोभिडको रोकथामका लागि PPE, Mask, Sanitizer लगायत अत्यावश्यक स्वास्थ्य सामग्रीको व्यवस्थापन गरिएको,
- क्वारेन्टाइन / आइसोलेसन केन्द्रहरूको व्यवस्थापन र स्तरवृद्धि गरिएको,
- बिभिन्न स्थानहरुमा चरणबद्ध रुपमा मास्क सहितको जनचेतना कार्यक्रम ( तपाईको मास्क खै ?) अभियान सञ्चालन गराइएको ।
- प्रदेश, जिल्ला तथा आधारभूत अस्पतालहरुको सुदृढीकरण गरिएको ।

- १०० भन्दा बढी चिकित्सक सहित स्वास्थ्यकर्मीहरुलाई Pediatric Essential Critical Care Training (PECCT) र ECCT (Emergency Critical Care Training) को तालिम प्रदान गरिएको,
- PCR ल्याब व्यवस्थापन गरिएको,
- जिल्ला अस्पतालका प्रयोगशाला एवं जनस्वास्थ्य प्रयोगशालाको सुदृढीकरण  गरिएको,
- बिभिन्न तहका प्रतिनिधिलाई Risk Communication and Community Engagement (RCCE) को तालिम र समुदाय परिचालन गरिएको,
- कोभिडको प्रतिकार्यका लागि अत्यावश्यक सामग्रीहरुको भण्डारण गरिएको,
- प्रेषण प्रणालीलाई सबलीकरण गरिएको गरिएको,
- प्रदेशसँग जोडिएका सीमा नाकाहरुमा होल्डिङ्ग/ स्क्रिनिङ्ग सेन्टर संचालन ब्यबस्थापन गरिएको,
- CICT टोलीको गठन र तालिम प्रदान गरिएको ।
- विभिन्न संघ-संस्थाहरुबाट स्वास्थ्य सुरक्षा, परीक्षण तथा अक्सिजन कन्सन्ट्रेटर लगायत उपचार व्यवस्थापन सम्बन्धी सामग्रीहरु प्राप्त भई यस मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय मार्फत सोको व्यवस्थापनको लागि मातहत कार्यालयहरु तथा स्थानीय तहमा वितरण गरिएको,
- कोभिड-१९ आकस्मिक प्रतिकार्य योजना, मनसुन प्रतिकार्य योजना, स्वास्थ्य सेवामा पहुँच नपुगेकालाई पहुँच पुर्‍याउने रणनीति र स्वास्थ्य पार्श्वचित्र तयार भएको,
- जनशक्ति ब्यबस्थापन : बिभिन्न लहरहरुमा गरेर झन्डै ३०० (५८, १७९, र ७२) चिकित्सक सहित स्वास्थ्यकर्मीको करार पदपूर्ति गरिएको,
- मन्त्रालय मातहत संगठनात्मक पुनर्संरचना (PPHL र PHLMC ) गरिएको,
- कोभिड १९ को दैनिक प्रतिवेदन प्रणाली निरन्तररुपमा सञ्चालनमा रहने व्यवस्था मिलाइएको,
- नियमित सूचना प्रणाली (HMIS, e-LMIS) मा समेत कोभिड १९ प्रतिवेदन एवं सूचनालाई समावेश गरिएको,
- संघीय सरकार, स्थानीय तह एवं विकास साझेदार सस्थाहरुसँग समन्वय सहकार्य,
- स्वास्थ्य सेवा निर्देशनालयमा निरन्तर रुपमा प्रदेश स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्र (PHEOC) सञ्चालन  गरिएको,
- अनुगमन सुपरिवेक्षण तथा समिक्षा पर्याप्त मात्रामा गरिएको,

## (ख) कोभिड १९ नियन्त्रण प्रतिकार्यको लागि सामाजिक विकास मन्त्रालय मातगहतमा उपलब्ध गराइएको बजेट र खर्च विवरण

- **उपलब्ध गराइएको बजेट र खर्च विवरण**

कोभिड १९ नियन्त्रण प्रतिकार्यको लागि सामाजिक विकास मन्त्रालय मार्फत मातहतका कार्यालयहरूमा ८३ करोड ५६ लाख १५ हजार बजेट ब्यवस्थापन गरिएको थियो । मन्त्रालय अन्तर्गतका सम्बन्धित कार्यालय र अस्पतालहरूमा कोभिड १९ नियन्त्रण प्रतिकार्यको लागि उपलब्ध गराइएको बजेटको विस्तृत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ११ कोभिड १९ नियन्त्रण तथा प्रतिकार्यको लागि मन्त्रालय तथा अन्तर्गतका निकायहरुमा विनियोजित बजेट*

| कार्यालय | बजेट | खर्च | खर्च % |
|---|---|---|---|
| जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | ७,२०० | ४,६२१ | ६४.० |
| जनस्वास्थ्य सेवा कार्यालय, वीरेन्द्रनगर | १९,९८० | १६,०८२ | ८०.० |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, हुम्ला | ५०० | ० | ० |
| प्रदेश अस्पताल, वीरेन्द्रनगर | ७०,६७२ | ६५,००६ | ९२.० |
| प्रदेश आयुर्वेद औषधालय, वीरेन्द्रनगर | ९,४१६ | ६,१७१ | ६६.० |
| प्रदेश जनस्वास्थ्य प्रयोगशाला | ५१,८७८ | ३९,३५० | ७६.० |
| मानव संसाधन विकास केन्द्र, वीरेन्द्रनगर | ५०० | ४९९ | १००.० |
| मेहेलकुना अस्पताल, गुर्भाकोट | ९,९४० | ९,९३५ | १००.० |
| शिक्षा विकास निर्देशनालय | ७०० | ६५६ | ९४.० |
| सामाजिक विकास कार्यालय, रूकुम-पश्चिम | ५०० | ३४८ | ७०.० |
| सामाजिक विकास कार्यालय, सल्यान | ५०० | ५०० | १००.० |
| सामाजिक विकास कार्यालय, डोल्पा | ५०० | ५०० | १००.० |
| सामाजिक विकास कार्यालय, मुगु | ५०० | ० | ० |
| सामाजिक विकास कार्यालय, हुम्ला | ५०० | ५०० | १००.० |
| सामाजिक विकास कार्यालय, जुम्ला | ५०० | ५०० | १००.० |
| सामाजिक विकास कार्यालय, कालिकोट | ५०० | ३९० | ७८.० |
| सामाजिक विकास कार्यालय, दैलेख | ५०० | ५०० | १००.० |
| सामाजिक विकास कार्यालय, जाजरकोट | ५०० | ५०० | १००.० |
| सामाजिक विकास मन्त्रालय | ५६,१८५ | ६,२४३ | ११.० |
| स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | १३,८४० | १२,३०८ | ८९.० |
| स्वास्थ्य सेवा कार्यालय, कालिकोट | २६,७७३ | २३,९३९ | ८९.० |
| स्वास्थ्य सेवा कार्यालय, डोल्पा | १०,४०० | ० | ० |
| स्वास्थ्य सेवा कार्यालय, दैलेख | १७,३५० | १७,०१२ | ९८.० |
| स्वास्थ्य सेवा कार्यालय, मुगु | १२,९४० | ९,५३९ | ७४.० |
| स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम | ११,५४० | ८,५८४ | ७४.० |
| स्वास्थ्य सेवा कार्यालय, सल्यान । | १६,१८० | १६,७३१ | १०३.० |
| स्वास्थ्य सेवा कार्यालय, हुम्ला | १३,८९७ | १०,८४० | ७८.० |
| स्वास्थ्य सेवा निर्देशनालय, वीरेन्द्रनगर | २२,९५० | १०,८६१ | ४७.० |

स्रोतः मन्त्रालयको अभिलेख

- **कोभिड-१९ नियन्त्रण प्रतिकार्यको लागि आपूर्ति गरिएको उपकरण र औषधिजन्य सामग्रीको अवस्था**

कोभिड-१९ नियन्त्रण तथा प्रतिकार्यको लागि सामाजिक विकास मन्त्रालय अन्तर्गत र अन्तर्गतका कार्यालयहरूबाट आपूर्ति गरिएका उपकरण तथा औषधिजन्य सामग्रीहरूको विवरण यस प्रकार रहेको छ ।

*तालिका १२ कोभिड-१९ प्रतिकार्य व्यवस्थापनमा प्रयोगका लागि उपलब्ध उपकरण र औषधीजन्य सामग्रीको अवस्था (२०७९ असार मसान्त)*

| S.N. | Item name | Unit | ASL Consume 5 month | EOP Consume 3 month | Available |
|---|---|---|---|---|---|
| 1 | Mask surgical | Pcs | 932910 | 559746 | 612100 |

| S.N. | Item name | Unit | ASL Consume 5 month | EOP Consume 3 month | Available |
|---|---|---|---|---|---|
| 2 | Disposable gown | pcs | 47890 | 28734 | 600 |
| 3 | PPE | pcs | 665 | 399 | 0 |
| 4 | Shoe cover | pcs | 4390 | 2634 | 6610 |
| 5 | Surgical cap | pcs | 3915 | 2349 | 5400 |
| 6 | Antigen kit covid-19 | pcs | 157650 | 94590 | 97200 |
| 7 | Remdesivir 100mg. Inj | pcs | 100 | 60 | 81 |
| 8 | N95 mask | pcs | 102830 | 61698 | 157320 |
| 9 | Face shield | pcs | 29385 | 17631 | 35148 |
| 10 | Safety googles | pcs | 10515 | 6309 | 17625 |
| 11 | Oxygen cylinder | pcs | 0 | 0 | 515 |
| 12 | Oxygen concentrator | pcs | 0 | 0 | 225 |
| 13 | Hand sanitizer | pcs | 0 | 0 | 275 |

स्रोतः स्वास्थ्य आपूर्ति शाखा, नेपालगञ्ज

त्यसैगरी सामाजिक विकास मन्त्रालय र  अन्तर्गतबाट सुर्खेतबाट कोभिड-१९ नियन्त्रण तथा प्रतिकार्यको लागि जन/स्वास्थ्य सेवा कार्यालयहरू, अस्पतालहरू, प्रयोगशालाहरू, स्वास्थ्य विज्ञान प्रतिष्ठान, आयुर्वेद औषधालय, स्थानिय तहहरू, कर्णाली प्रदेश सरकारका विभिन्न मन्त्रालय/कार्यालयहरू, नेपाल प्रहरी, नेपाली सेना एवं विभिन्न संघसंस्थाहरूलाई विभिन्न सामाग्रीहरू वितरण भएको थियो जसलाइ निम्न अनुसार तालिमा संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ-

*तालिका १३ कोभिड-१९ प्रतिकार्य व्यवस्थापनमा प्रयोगका लागि उपलब्ध उपकरण र औषधीजन्य सामग्रीको जिल्लागत अवस्था (२०७९ असार मसान्त)*

| जिल्ला | Mask (Covid-19 and Surgical) | PPE | Sanitizer 1L |
|---|---|---|---|
| सल्यान | २,२७,९०० | १५० | २०० |
| रुकुम पश्चिम | ७,५०० | ३०० | ५० |
| सुर्खेत | ७,७५० | १९ | ० |
| मुगु | १,९९,६८० | १०० | ० |
| कालिकोट | १,३५,७५३ | ० | २५ |
| जाजरकोट | २,३०० | ८१५ | २१५ |
| हुम्ला | ७५,८०० | ० | ९० |
| डोल्पा | ३०,००० | ४०० | ३०० |
| दैलेख | ३,४५,६०० | ३८० | ७५ |
| जुम्ला | ६३,४०० | ० | ७३ |

स्रोतः स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत

*तालिका १४ कोभिड-१९ प्रतिकार्य व्यवस्थापनमा प्रयोगका लागि उपलब्ध उपकरण र औषधीजन्य सामग्रीको संस्थागत अवस्था (२०७९ असार मसान्त)*

| अस्पतालको नाम | Oxygen Cylinder (in no. of large cylinders or litres) | No. of Oxygen concentrator |
|---|---|---|
| मुगु जिल्ला अस्पताल | ५२ | ४८ |
| चौरजहारी अस्पताल, रुकुम पश्चिम | १०० | १० |
| मेहेलकुना अस्पताल | १०० | १५ |

| अस्पतालको नाम | Oxygen Cylinder (in no. of large cylinders or litres) | No. of Oxygen concentrator |
|---|---|---|
| दैलेख जिल्ला अस्पताल | २५२ | ४० |
| डोल्पा जिल्ला अस्पताल | ६२ | १० |
| रुकुम पश्चिम जिल्ला अस्पताल | ५९ | १५ |
| सल्यान जिल्ला अस्पताल | ११० | ० |
| प्रदेश अस्पताल, सुर्खेत | २५० | ३० |
| जाजरकोट जिल्ला अस्पताल | २०५ | ५२ |
| कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला | २३० | ६० |
| हुम्ला जिल्ला अस्पताल | १२० | १२७ |
| कालिकोट जिल्ला अस्पताल | २१५ | ७५ |
| दुल्लु अस्पताल, दैलेख | ५० | १५ |
| जम्मा | १८०५ | ४९७ |

स्रोतः स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत

### (ग) २०७९ असार मसान्त सम्मको कोभिड-१९ को अध्यावधिक अवस्था

२०७९ असार मसान्त सम्ममा कर्णाली प्रदेशका जिल्लागत जम्मा कोभिड- १९ परीक्षण सङ्ख्या, जम्मा संक्रमित सङ्ख्या, जम्मा मृत्यु सङ्ख्या, कोभिड विरुद्धको दोस्रो मात्रा खोप लगाएको सङ्ख्या, जम्मा आइसोलेसन बेड सङ्ख्या र भेन्टिलेटर सङ्ख्या निम्न अनुसार तालिमा प्रस्तुत गरिएको छ ।

*तालिका १५ कोभिड १९ सम्बन्धी जिल्लागत विवरण (२०७९ असार मसान्त सम्म)*

| जिल्ला | जम्मा कोभिड-१९ परीक्षण सङ्ख्या | जम्मा कोभिड संक्रमित सङ्ख्या | कोभिड संक्रमण दर % | जम्मा कोभिडबाट मृत्यु सङ्ख्या | कोभिड मृत्यूदर % | कोभिड बिरूद्ध दोस्रो मात्रा खोप लगाएको सङ्ख्या | आईसोलेसन बेड सङ्ख्या | भेन्टीलेटर सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| डोल्पा | ४,७१३ | ४०० | ८.५ | ५ | १.३ | १९,८३६ | ११० | १ |
| मुगु | ९,१११ | १,१४७ | १२.६ | ४ | ०.३ | ४२,०७३ | ४५ | १ |
| हुम्ला | ५,९४४ | ४६९ | ७.९ | ५ | १.१ | २८,८४८ | ५० | २ |
| जुम्ला | २१,१९० | २,१७५ | १०.३ | २४ | १.१ | ६७,९१५ | ४३० | १५ |
| कालिकोट | १३,७७६ | २,७८५ | २०.२ | ७ | ०.३ | ७९,००४ | २७५ | ४ |
| दैलेख | २०,००६ | ४,४७६ | २२.४ | २४ | ०.५ | १,६२,९४९ | २२५ | २ |
| जाजरकोट | १२,३७३ | २,१५१ | १७.४ | ५ | ०.२ | १,१५,११४ | ९१ | १ |
| रूकुमपश्चिम | २३,५३० | ३,७९६ | १६.१ | ३६ | ०.९ | १,०५,२१५ | १७४ | १ |
| सल्यान | १७,४२० | ४,०५५ | २३.२ | ५३ | १.३ | १,४६,८०१ | ५६ | २ |
| सुर्खेत | ६६,२७० | १६,३३५ | २४.६ | २२४ | १.४ | २,७३,९७६ | ६८८ | १० |
| अन्य प्रदेश | २,५२२ | १,०३६ | ४१.१ | ४ | ०.४ | - | ० | ० |
| **जम्मा** | **१,९६,८५५** | **३८,८१५** | **१९.७** | **३९१** | **१.०** | **१०,४१,७३२** | **२१४४** | **३९** |

स्रोतः सा.वि. मन्त्रालय, स्वा.से.नि.

कर्णाली प्रदेशमा आ.व. २०७९ असार मसान्त सम्ममा संक्रमित भएका जम्मा सङ्ख्या ३८ हजार ८ सय १५ छ भने सवैभन्दा बढी सुर्खेत जिल्लामा १६,३३५ र सवैभन्दा कम डोल्पामा ४०० देखिन्छ ।त्यसैगरी

संक्रमणदर सबैभन्दा बढी सुर्खेतमा ४१.१ प्रतिशत र सबैभन्दा कम हुम्लामा ७.९ प्रतिशत मात्र रहेको छ भने प्रदेशको समग्र संक्रमण दर १९.७ प्रतिशत रहेको देखिन्छ ।




*चित्र ११ कर्णाली प्रदेशमा कोरोना सङ्क्रमितको अवस्था (२०७९ असार समान्त सम्म)*

स्रोतः मन्त्रालयको अभिलेख

कर्णाली प्रदेशमा आ.व. २०७८/७९ मा महिना अनुसार नयाँ कोभिड-१९ संक्रमित सङ्ख्या, महिना अनुसार कूल कोभिड-१९ संक्रमित सङ्ख्या महिना कोभिड-१९ बाट मृत्यु सङ्ख्या निम्न अनुसार चित्रहरूमा देखाइएको छ ।

<u>सुर्तीजन्य पदार्थ र मदिरा सेवन त्यागे पछिका फाइदाहरु</u>

- *फोक्सो, मुख र पेटमा हुने क्यान्सरहरुको जोखिम कम हुने*
- *मुटु र कलेजो स्वस्थ रहने*
- *रक्तचाप सामान्य रहने*
- *ममधुमेह र यसबाट हुने दृष्टिहानीको जोखिम कम हुने*

सुझावहरु

**सुर्तीजन्य पदार्थ र मदिरा सेवन गर्न छोड्ने कारणहरुको सूची बनाउने।**
**आफ्नो जीवनशैली बदल्ने।**
**छोड्ने मिति तय गर्ने र साथीभाईहरुको सहयोग लिने।**
**डाक्टरको सल्लाह लिने।**




*चित्र १२ कर्णाली प्रदेशमा विगत १ वर्षमा कोभिड १९ बाट सङ्क्रमितहरूको सङ्ख्या*

स्रोतः मन्त्रालयको अभिलेख

आ.व. २०७७/७८ र २०७८/७९ मा महिना अनुसार कोभिड १९ को सक्रमितहरूको प्रबृति हेर्दा निकै सुधार देखिन्छ ।आ.व. २०७७/७८ मा सबभन्दा बढी नयाँ संक्रमित ज्येष्ठ महिनामा (११०९९) रहेकोमा आ.व. २०७८/७९ मा माघ महिनामा सबभन्दा बढि (४१३८) रहेको छ । र सबभन्दा कम नयाँ सङ्क्रमित आ.व. २०७७/७८ मा फाल्गुण महिनामा (३१ जना) रहेकोमा आ.व. २०७८/७९ को ज्येष्ठ महिनामा सो सङ्ख्या शुन्य रहेको थियो ।




*चित्र १३ कर्णाली प्रदेशमा कोभिड १९ को कुल सङ्क्रमित सङ्ख्या*

स्रोतः मन्त्रालयको अभिलेख

आ.व. २०७७/७८ को श्रावण मसान्तमा कुल २ हजार ६७ जना रहेको कोभिड सङ्क्रमितको सङ्ख्या आ.व. को अन्त्यसम्म आईपुग्दा कुल २९ हजार २ सय ९८ पुगेको थियो । र आ.व. २०७८/७९ मा कुल ९ हजार ५ सय १७ जना नयाँ कोभिड सङ्क्रमित थप भई कर्णाली प्रदेशमा २०७९ असार मसान्तमा कुल कोभिड सङ्क्रमितको सङ्ख्या ३८ हजार ८ सय १५ पुगेको छ ।

कोभिड १९ को सङ्क्रमण शुरू भएदेखि आ.व. २०७८/७९ को अन्त्य सम्ममा कुल ३ सय ९१ जनाले कोभिड-१९ सङ्क्रमणबाट मृत्यूवरण गरेको तथ्याङ्कले देखाउँदछ । जिल्ला अनुसार कोभिड-१९ संक्रमणबाट भएको मृत्युदर तलको बारचित्रबाट देखाइएको छ । कोभिड १९ को सङ्क्रमणबाट भएको मृत्यूदर सवैभन्दा उच्च सुर्खेत जिल्लामा १.७ प्रतिशत रहेको छ भने सवैभन्दा कम जाजरकोट जिल्लामा ०.२ प्रतिशत रहेको देखिन्छ । प्रदेशको औसत कोभिड १९ बाट भएको मृत्युदर १.० प्रतिशत रहेको छ जुन अघिल्लो आ.व. (२०७७/७८) मा १.१७ प्रतिशत रहेको थियो ।




*चित्र १४ कर्णाली प्रदेशमा कोभिड १९ को मृत्यूदर*

स्रोतः मन्त्रालयको अभिलेख

यसैगरि आ.व. २०७८/७९ मा कोभिड-१९ वाट मृत्यू भएको सङ्ख्यालाई आ.व. २०७८/७९ को महिना अनुसार विश्लेषण गर्दा सवैभन्दा बढि मानविय क्षति १५७ जना ज्येष्ठ महिनामा रहेको छ भने श्रावण, भाद्र, फाल्गुण र चैत्रमा मृत्य सङ्ख्या शुन्य रहेको देखिन्छ ।




*चित्र १५ कर्णाली प्रदेशमा कोभिड १९ बाट मृत्यू सङ्ख्या (आ.व, २०७८/७९)*

स्रोतः मन्त्रालयको अभिलेख

## आ.व. २०७८/७९ मा सम्ममा सम्पादन भएका मुख्य कार्यहरू तथा प्रमूख उपलब्धीहरू

आर्थिक वर्ष २०७८/७९ सम्म मा मन्त्रालय र मातहतबाट सम्पादन भएका प्रमुख कार्यहरू र सो बाट हालसम्म प्राप्त भएका प्रमूख उपलब्धीहरु मन्त्रालयको विषयगत क्षेत्रानुसार यस प्रकार रहेका छन् ।

- कर्णाली प्रदेश खेलकूद विकास ऐन २०७६, कर्णाली प्रदेश स्वयंसेवक परिचालन ऐन २०७६, प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ जारी भै कार्यान्वयनमा रहेको,
- श्रम तथा रोजगार प्रबर्धन नीति २०७५, प्रदेश स्वास्थ्य नीति २०७६, लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८, कर्णाली प्रदेश सरकारबाट स्वीकृत भै कार्यान्वयनमा रहेका,
- बैंक खाता छोरीको, सुरक्षा जीवनभरीको कार्यक्रम सञ्चालन कार्यविधि २०७६, एकिकृत छात्रबृत्ति वितरण तथा ब्यवस्थापन कार्यविधि २०७८, तथा एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन कार्यविधि २०७८ कर्णाली प्रदेश सरकारबाट स्वीकृत भै कार्यान्वयनमा रहेका,
- आकस्मिक स्वास्थ्य सेवा कोष सञ्चालन निर्देशिका, २०७५, समुदायमा आधारित कोभिड-१९ ब्यवस्थापन निर्देशिका, २०७८, स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका नागरिकलाई समेट्ने रणनीति, २०७७, मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८, कर्णाली प्रदेश कोभिड-१९ आकस्मिक योजना २०७८, दूरचिकित्सा सेवा (टेलिमेडिसिन) तथा अनलाइन स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७८ जारी भई कार्यान्वयनमा रहेका,
- एक स्थानीय तह एक सामुदायिक विद्यालय पूर्वाधार विकास कार्यक्रम मार्फत कर्णाली प्रदेशको स्थापना भए पश्चात आ.व. २०७८/७९ सम्म प्रदेशभरका सामुदायिक विद्यालयहरूमा १७३४ वटा कक्षाकोठा निर्माण भई  लगभग ७० हजार विद्यार्थीहरूले पक्की भवनमा अध्ययन गर्ने अवसर प्राप्त गरेका छन् ।

- कर्णाली प्रदेशमा कोभिड-१९ नियन्त्रण तथा उपचारका लागि आवश्यक पर्ने क्वारेन्टिन, आइसोलेसन, HDU/ICU/PICU, अक्सिजन प्लान्ट, अक्सिजन सिलिन्डर, कन्सेन्ट्रेटर र भेन्टिलेटरलगायत अत्यावश्यक स्वास्थ्य उपकरण, औषधि तथा औषधिजन्य सामग्रीको सहज आपूर्ति र उपलब्धताको व्यवस्था मिलाईएको,
- कर्णाली प्रदेशका जनतालाई कोभिड-१९ विरूद्धको खोप लगाउने व्यवस्था प्रभावकारी बनाईएको, हालसम्ममा कर्णाली प्रदेशका १८ बर्षभन्दा माथिको ७० प्रतिशत, १२ बर्षभन्दा माथिको ७४ प्रतिशत एवं कूल जनसङ्ख्याको ५७ प्रतिशतले कोभिड-१९ विरूद्धको दोस्रो मात्रा खोप एवं दोस्रो मात्रा खोप लगाएकामध्ये ३७ प्रतिशत जनसङ्ख्याले अतिरिक्त मात्रा (Booster Dose) लगाइसकेका,
- प्रयोगशाला सेवालाइ विस्तार र सुदृढीकरण गर्नको लागि प्रदेश जनस्वास्थ्य प्रयोगशाला र सवै जिल्लाका अस्पतालहरूमा थप उपकरणहरूको ब्यवस्था गरिएको,
- प्रदेश अस्पताल एवं अन्य जिल्ला अस्पतालहरूलाई विशेषज्ञ सेवा प्रवाह गर्ने अस्पतालको रुपमा विकास गर्न अस्पतालको क्षमता अभिवृद्धि, विशेषज्ञ सेवा प्रदान गर्ने गरी मेसिन/उपकरण जनशक्तिको व्यवस्था र आवश्यक थप पूर्वाधारको विकास तथा सुदृढीकरण गरी स्तरोन्नति गरिएको,
- प्रदेश सरकारको सहयोगबाट स्थानीय तहका आधारभूत अस्पतालहरूको पूर्वाधार विकास, सामुदायिक स्वास्थ्य एकाइ, तथा बर्थिङ सेन्टर सञ्चालन भएको,
